news 24 दैनिक

वर्ष १३ अंक ०८ राष्ट्रिय दैनिक २८ साउन २०८२, बुधबार भदौ कृष्ण चतुर्थी नेपाल संवत् ११४५ Wednesday 13 August 2025 www.news24dainik.com पृष्ठ ८ मूल्य १० रुपैयाँ

# कहिले रोकिने पलायनको लर्को

**सरोज शाही**
**काठमाडौं, साउन २८**

गोरखा पालुङटारका सञ्जय नहर्कीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जापान उड्नुअघि भने, 'देशमा राम्रो अवस्था भए विदेशिनै पर्दैनथ्यो।' सरकारले युवाको अवस्था नबुझेको गुनासो पनि उनले गरे।

मकवानपुरका लीलाराज सुनार आफ्ना २५ वर्षीय छोरा राकेशलाई बिदाइ गर्दा मन भारी बनाइरहेका देखिन्थे। 'सरकारले देशमा उद्योग र कलकारखाना खोलेर युवालाई काम गर्ने वातावरण बनाइदिनुपर्छ, नत्र युवा विदेशिने बाध्यता कहिल्यै घट्दैन,' उनले भने।

रामेछापको लिखु तामाकोशीका राजीव कार्की वैदेशिक रोजगारीका लागि साउदी जाँदै गर्दा आफ्ना दुई सन्तान र श्रीमतीसँग बिदा हुँदै थिए। घरपरिवार छाडेर विदेशिनुको बाध्यता सरकारले सही नीति, देशमा रोजगारीको अवस्था सृजना नगर्नु नै प्रमुख हो उनी बताउँछन्।

वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढिरहँदा नेपाल बुढाबुढीको देश हुने चिन्ता बढेको छ। स्वदेशमा रोजगारीका अवसर नभएपछि दैनिक करिब दुई हजार युवा रोजगारीका लागि विदेश गइरहेका छन्। गत आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा जान ८ लाख ३९ हजार २६६ युवाले श्रमस्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांक छ।

प्रतिमहिना औसतमा ६९ हजार ९ सय ३९ र प्रतिदिन २ हजार ३ सय जनाले विदेश जान स्वीकृति लिएको तथ्यांकमा देखिएको छ। वैदेशिक रोजगारीमा जानेको संख्या यो हालसम्मकै उच्च हो। गत आर्थिक वर्ष श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेमध्ये नयाँ श्रम स्वीकृति लिने ६० प्रतिशत र पुनः श्रम स्वीकृति लिने ४० प्रतिशत छन्। नेपाली श्रमिकका १० प्रमुख श्रम गन्तव्य देशमा क्रमशः संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतार, कुवेत, मलेसिया, रोमानिया, जापान, दक्षिण कोरिया, क्रोएसिया र बहराइन छन्।

विभागका अनुसार गत वर्ष सबैभन्दा बढी संयुक्त अरब इमिरेट्स र साउदी अरब, कतार, कुवेत, ओमान, दक्षिण कोरिया, जापान र मलेसिया, बहराइनसँगै युरोपेली मुलुक गरी ६९ देशमा संस्थागत र व्यक्तिगत रूपमा श्रम स्वीकृति लिएर गएका छन्। सरकारले समृद्ध नेपाल सुखी नेपालीको नारा लगाइरहँदा जानेको लर्को थामिएको छैन।

मंगलबार परेको अन्तर्राष्ट्रिय युवा दिवसकै दिन पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट देश छाड्ने युवाको लर्को रह्यो। सन् १९९८ अगस्ट ८-१२ पोर्चुगलको



**पुगेर फोन गर्नु** : काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सोमबार राति विदेशिँदै गरेका आफन्तको बिदाइमा भावुक क्षण। *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

- **बर्सेनि श्रम बजारमा आउनेका लागि छैनन् अवसर**
- **दैनिक दुई हजार युवा रोजगारीको खोजीमा विदेशिन्छन्**
- **स्थानीयस्तरमा अवसर नपाउँदा देश छाड्ने बाध्यता**

लिसवनमा विश्वका १४० देशका युवा मामिला हेरिने मन्त्रीहरूको सम्मेलनले राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिबद्धता र ८८ बुँदे लिसवन घोषणापत्र जारी गरेको थियो। त्यसपछि सन् २००० देखि संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष १२ अगस्टका दिन युवा सशक्तीकरण र जागरणका लागि यस दिवसलाई मनाउने चलन छ।

सन् २०२५ का लागि संयुक्त राष्ट्रसंघले 'स्थानीय युवाका लागि दिगो विकास लक्ष्य र कार्यहरू' भन्ने नारा तय गरेको छ भने नेपालमा 'दिगो विकास र सुनौलो भविष्यको सार : स्थानीय युवाको सहभागिता समृद्धिको आधार' भन्ने मूल नारासहित देशभर दिवस मनाइँदैछ। तर, देशको राजनीतिक अस्थिरता र रोजगारी संकटका कारण युवाहरू स्वदेशमै बस्न नसकी विदेशिन बाध्य छन्। युवाको भविष्य सुरक्षित र समृद्ध बनाउन सरकारले स्थानीय रोजगारका अवसर सृजना गर्न, नीति सुधार गर्न र दिगो विकासका लक्ष्यतर्फ अघि बढ्नुपर्ने आवश्यकता झनै देखिएको छ।

**सरकारले हेर्छ रेमिटान्समात्रै**

अर्थतन्त्रमा वैदेशिक रोजगारीबाट आउने रेमिटान्सले महत्त्वपूर्ण भूमिका खेलेको तथ्यांक बर्सेनि सरकारले दिने गरेको छ। लाखौं नेपाली युवा रोजगारीको खोजीमा विदेशिएका छन् र तिनीहरूले पठाएको पैसा देशको अर्थतन्त्रलाई स्थिर र सशक्त बनाउने मुख्य स्रोत बनेको छ। तर, रेमिटान्सलाई उत्पादनशील काममा लगानी गर्ने योजना अभाव देखिएका छन्।

सरकारी तथ्यांकहरूका अनुसार तीन वर्षमा नेपालले ठूलो मात्रामा रेमिटान्स प्राप्त गरेको छ। आर्थिक वर्ष २०७८/७९ मा १० खर्ब रुपैयाँभन्दा बढी रेमिटान्स भित्रिएको थियो भने २०७९/८० मा यो रकम झण्डै १२ खर्ब रुपैयाँसम्म पुग्यो। पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा पनि यो रकम करिब १३ खर्ब रुपैयाँ नजिक पुगेको छ। यसले देखाउँछ कि नेपालीहरूको विदेशमा गरिरहेको काम र तिनले पठाएको पैसा देशको अर्थतन्त्रलाई निरन्तर जीवन्त राख्न महत्त्वपूर्ण छ।

रेमिटान्सको रकमले दैनिक उपभोग, शिक्षा, स्वास्थ्य, कृषि, घर निर्माण र साना व्यापारहरूमा लगानी बढाउन मद्दत गरेको छ। खासगरी ग्रामीण क्षेत्रका परिवारहरूका लागि यो पैसा आर्थिक सुरक्षा र सामाजिक सशक्तिकरणको आधार बनेको छ। तर, यो पनि चिन्ताको विषय हो कि रोजगारीका अवसरहरू स्वदेशमै कहिले सृजना हुने? युवाहरूको विदेश पलायनका बाध्यता कहिले घट्छ?

विप्रेषणका प्रवाहको भरमा अर्थतन्त्र चलाउनु दीर्घकालीन रूपमा टिकाउ विकल्प होइन। सरकारले स्थानीय रोजगारी सिर्जना र वैदेशिक रोजगारमा निर्भरता कम गर्न आवश्यक नीति बनाउन ढिला गरिरहेको छ।

# कानून बनाउँदा स्वार्थसमूह हाबी, सांसद अनभिज्ञ

**भाषा शर्मा**
**काठमाडौं, साउन २७**

शासन प्रणालीमा नीति निर्धारण एवं कानून निर्माणमा स्वार्थ समूहको हाबी हुने गरेको विषय संघीय संसदमै प्रश्न उठाइएको छ। संसदमा दर्ता भएको विधेयकमा सांसदहरूको लापर्वाही र स्वार्थको द्वन्द्व कानून निर्माणमा देखिएको महसुस गरेका छन्।

जनताद्वारा प्रत्यक्ष रूपमा निर्वाचित भई गएका प्रतिनिधिहरूले कानून बनाउने विषयमा भएका त्रुटिलाई औंल्याउन थालेका छन्। कानून बनाउने क्रममा स्वार्थ समूह हाबी भएका कारण राज्य व्यवथा तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले मंगलबार पदबाट राजीनामा दिनुपरेको छ। निजामती सेवा विधेयकमा गरिएको 'कुलिङ पिरियड' सम्बन्धी एउटा दफामा गरिएको गडबडीलाई लिएर उनले राजीनामाको दबाब झेल्नुपरेको हो।

एमालेका प्रमुख सचेतक महेश बर्तौलाले मंगलबार प्रतिनिधिसभाको विशेष समयमा बोल्दै विधायिकी दक्षताबारे प्रश्न उठाए। उनले आगामी दिनमा विधेयकमा गल्ती नहोस् भन्दै विज्ञहरूको उपस्थितिमा बलियो कानूनी महाशाखा बनाउनुपर्ने सुझाव दिए। विधायिकी कर्ममा सहभागी हुनेहरूलाई विधायिकी ज्ञान गराउनुपर्ने महसुस भएको उनले बताएका छन्।

सांसद बर्तौलाले संसद्मा आफ्नै कानूनी महाशाखा नहुँदा सही ढंगले कानून निर्माणमा भूमिका खेल्न नसकेको स्विकारेका छन्। 'विधायिकी कर्ममा सांसदले भूमिका खेल्नुपर्छ। संसदीय प्रशासन सक्षम हुन्छन्, त्यति विधायिकी कर्म व्यवस्थित हुन्छ,' उनले भने।

संघीय संसदमा हाल १० वटा संसदीय समिति छन्। तर, ती समितिहरूका कमजोरी उनले औंल्याए। सरकारले संघीय संसदमा पेस गरेको विधेयक विषयगत संसदीय समितिमा अध्ययन, छलफलका लागि पठाइन्छ। सांसदहरूले अन्तरवस्तुमा बहस गरेर पारित गर्ने जिम्मेवारी हुन्छ।

'विधेयकमा सहयोग गर्ने भनेको संसदीय प्रशासनले हो। जसरी विधेयक सरकारले संसदमा दिन्छ र फुल हाउसले समितिमा पठाउँछ। त्यहाँ हुने छलफलको निष्कर्षमा प्रतिवेदन बनाउँदा दफाहरूको सिलसिलेवार असरबारे जानकारी नहुँदा, संसदीय प्रशासन बलशाली नहुँदा' प्रमुख सचेतक बर्तौलाको भनाइ छ। उनले विधेयक कन्सल्टेन्सीबाट बनेर आउँछन् भन्ने टिप्पणीलाई सम्बोधन गर्न कानून आयोगलाई व्यवस्थित बनाउनुपर्ने सुझाव दिए। 'विधेयक तर्जुमा गर्दा आयोगबाट मन्त्रालयमार्फत संसदमा प्रस्तुत होस् तर, अध्ययन र अनुसन्धानमा आधारित भएर कानून आयोगबाट बनाइयोस्,' उनले भने। तर, अधिकांश विधेयकहरू जिम्मेवारी पाएको कानून आयोगबाट होइन, सम्बन्धित मन्त्रालयले र कतिपय कन्सल्टेन्सीबाटै बनेर जाने गरेको सांसदहरूले नै बताउने गरेका छन्।

मंगलबार शून्य समय र विशेष समयमा बोल्ने अधिकांश सांसदहरूले पनि राज्य व्यवस्था समितिमा कानून निर्माणको प्रक्रियामा त्रुटिलाई दोहोरिन नदिन सबैले आवाज उठाएका थिए।

विशेष समयमा बोल्दै कांग्रेस सांसद ईश्वरीदेवी न्यौपानेले 'स्वार्थ समूह हाबी भएर गलत कानून बन्दो रहेछ' भनिन्। उनले कानून बनाउने विषय व्यापक छलफल हुनुपर्ने सुझाव दिएकी छन्। उनले केही नेपाल ऐन बनाएर गोलमटोलमा पारित नगरी स्पष्ट रुपमा ऐन नै उल्लेख गरेर संशोधन गर्नुपर्ने आवश्यकता औंल्याएकी छन्।

बाँकी पृष्ठ २ मा...

## राजीनामा दिँदै खतिवडाले जे भने



समितिमा पुगेपछि मुलुकमा बहाल रहेका उच्च पदस्थ कर्मचारीहरू संसद परिसरमा हुलमुल गर्दै मुख छोपेर हिडेको हामी देखेकै हो। दाउपेच र शक्ति पर्दशनको खेल देख्नुभयो। मैले दबाबलाई राज्य व्यवस्था र संसदले झेल्नुपरेको हो। कुनै रुपमा समितिका सदस्यले झमेला खेप्नु परेको छ। विधेयकमा एउटा प्रावधानलाई बहुविवादित बनाइयो। जेजस्ता विसंगति खेपेको कुलिङ पिरियड राख्न शुरुदेखि नै समिति अडान लिएको हो। सरकारले तयार गरेको विधेयकमा त्यो व्यवस्था नभएको र आफूले अडिग लिएको र लिइरहन्छु। संवैधानिक अंगहरूमा थाकेका, पाकेका पूर्व मुख्यसचिव, सचिवहरूको क्लवजस्तो बन्न पुगेको छ। थाकेका व्यक्तिबाट आउने परिणाम कस्तो हुन्छ भन्नेमा हामी चिन्तित थियौं। संस्थामा नियुक्ति पाएका स्वयं स्क्याण्डलमा नफसेका पनि होइन। जसले चाकडी गर्छ भनेको मान्छ, त्यसैलाई राजिनामा गराएर भोलिपल्ट नियुक्ति लिएका उदाहरण छन्। आँखा सन्काएकै भरमा कर्मचारीले नियुक्ति पाएका छन्। हामीकहाँ पढेलेखेका दक्ष, इमान्दार व्यक्ति नभएका होइनन्, स्वार्थ समूह हाबी भएको हो। यसको अन्त्य गर्न चाहेको हो। अवकाशको समय नजिकिँदै जाँदा उच्च तहका कर्मचारी भोलिको दिनको जस्तोसुकै सम्झौता गर्न तयार पनि देखियो। स्थायी सरकार भनेको कर्मचारी भनेको भान हामीलाई थियो। कर्मचारीले स्थायी सरकार हामी हौं, प्रधानमन्त्री र मन्त्री त पाहुना हुन भन्ने हामीले देख्न पाएका छौं। कम्तीमा कानूनमार्फत शासकीय पद्धति सुधार गर्न सकिन्छ कि भन्ने म अडिग थिएँ, सम्पूर्ण समिति कुलिङ पिरियड पारित गरेका थियौं। अवकाश पछाडि मात्रै नभइ दुई वर्षे कुलिङ पिरियडमा सहमत भएका थियौं।

त्रुटि हुन गएको साँचो हो। त्रुटि मबाट र राज्य व्यवस्था समितिबाट होइन। कतिपयले मबाटै भएको भनेर प्रश्न उठाए। यो सच्याउन सकिने त्रुटि थियो/थिएन, सभामुख महोदयलाई पनि जानकारी होला।

त्यस्ता त्रुटि अन्तिम हुनेछन् र हुने छैनन्। त्रुटि नदोहोरिने व्यवस्था होस्। त्रुटि सच्याउन आग्रह गरिसकेको छु। समितिको मनशाय अनुसार कुलिङ पिरियड राखिएर पारित हुन्छ भन्ने छ।

यो विषयमा मेरो कुनै स्वार्थ थिएन। थियो त केवल संवैधानिक संयन्त्र निष्पक्ष, दर्बिलो र कसैले प्रश्न उठान नसक्ने संस्था बनाउन चाहेका थियौं। छानबिन प्रतिवेदनले मलाई दोषी ठहराएको छैन। बाँकी पृष्ठ २ मा...

## यो अंकमा



**लगानीमैत्री नीति नहुँदा निजी क्षेत्र समस्यामा**

*हाम्रो देशमा अर्थ नीतिको ठाउँमा राजनीति धेरै हावी भयो। राजनीतिक अस्थिरताको प्रभाव आर्थिक क्षेत्रमा पर्न गयो।*

*(वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमको अन्तर्वार्ता)*

- **अनलाइन सञ्चारमाध्यम दर्ता नवीकरणको नयाँ व्यवस्थाविरुद्ध रिट**
- **ठगी र कीर्ते गर्ने कर्मचारीलाई कारावास, ५ जना अझै फरार**
- **बासी रोटीको निहुँमा डीएसपीले भान्सेलाई कुटे**
- **मौसम परिवर्तनका मुद्दामा चुप लागेर बस्ने बेला छैन**
- **ग्लोबल साउथका लागि आत्मनिर्भरताको नयाँ मोडल**
- **कालीगण्डकीमा मध्यरातमा झिकिन्छ बालुवा, प्रशासन मौन**

# वीरगंज कारागारका एक कैदीको मृत्यु



- **उपचारमा लापरवाही गरेको आफन्तको आरोप**
- **सात सदस्यीय छानबिन समिति गठन**

**मुस्कान श्रेष्ठ**
**वीरगंज, साउन २७**

वीरगंजस्थित नारायणी अस्पतालमा एकजना कैदीबन्दीको मृत्यु भएको छ। कर्तव्य ज्यान मुद्दामा २०७९ सालदेखि सजाय भुक्तान गर्दै रहेका वीरगंज-२६ का राहुल साहको मंगलबार बिहान उपचारका क्रममा मृत्यु भएको हो।

अस्पताल तथा कारागार प्रशासनको लापरवाहीको कारण उनको मृत्यु भएको भन्दै मृतकका आफन्तहरूले विरोध गरेपछि केहीबेर स्थिति तनावपूर्ण बनेको थियो। स्थितिलाई नियन्त्रणमा लिन पर्साका डीएसपी किशोर लाम्सालको नेतृत्वमा दुई दर्जन सुरक्षाकर्मी परिचालन गरिएको थियो।

कारागार प्रशासन प्रमुख भीमराज भुसालका अनुसार विहान व्यायाम गर्ने क्रममा श्वासप्रश्वासमा समस्या भएपछि साहलाई कारागारमै प्राथमिक उपचार गरिएको थियो। थप उपचारका लागि नारायणी अस्पताल पुऱ्याएपछि मृत्यु भएको हो।

बाँकी पृष्ठ २ मा...

# उमेर प्रमाणीकरण परीक्षण गर्दै युट्युब

युट्युबले नयाँ कृत्रिम बुद्धिमत्ता (एआइ) प्रयोग गर्ने प्रणाली परीक्षण सुरु गर्ने भएको छ, जसले वयस्क र नाबालिगलाई छुट्याउनेछ। यो प्रणालीले प्रयोगकर्ताले हेर्ने भिडियोका प्रकारका आधारमा उमेर अनुमान गर्नेछ।

अमेरिकामा बुधबारदेखि गरिने यो परीक्षण सुरुमा केवल थोरै प्रयोगकर्तामा लागू हुनेछ, तर सफल भएमा भविष्यमा यसलाई व्यापक बनाइनेछ। यो सुविधा केवल प्रयोगकर्ता आफ्नो खातामा लगइन भएको अवस्थामा मात्र काम गर्नेछ। जन्ममिति जे लेखिएको भए पनि प्रणालीले आफ्नै हिसाबले उमेर पत्ता लगाउनेछ।

यदि प्रणालीले प्रयोगकर्तालाई १८ वर्षभन्दा कम देखायो



भने युट्युबले नाबालिगका लागि बनाइएका सुरक्षा नियमहरू लागू गर्नेछ। ती नियमहरूमा स्क्रिनबाट विश्राम लिन सम्झाउने, गोपनीयता चेतावनी दिने र भिडियो सिफारिसहरूमा प्रतिबन्ध लगाउने जस्ता उपाय पर्छन्। साथै, १८ वर्षभन्दा कमका प्रयोगकर्तालाई व्यक्तिगत रुचिअनुसारका विज्ञापन देखाइँदैनन्।

यदि वयस्कलाई गल्तीले नाबालिग ठानियो भने, प्रयोगकर्ताले सरकारी परिचयपत्र, क्रेडिट कार्ड वा आफ्नो सेल्फी देखाएर प्रमाणित गर्न सक्नेछन्। युट्युबका उत्पादन व्यवस्थापन निर्देशक जेम्स बेसरका अनुसार, युट्युब सधैं युवापुस्ताका लागि सुरक्षित अनुभव दिन अग्रपंक्तिमा रहँदै आएको छ।

बाँकी पृष्ठ २ मा...



# साम्बा बनिन् म्याक्सिम्याक्सको ब्रान्ड एम्बेसडर

**काठमाडौं।** म्याक्सिम्याक्स एजुकेशन एण्ड माइग्रेसन सर्भिसेसले नेपाली महिला फुटबल टोलीकी कप्तान सवित्रा भण्डारी 'साम्बा'लाई ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ।

साम्बा र म्याक्सिम्याक्सका प्रबन्ध निर्देशक रोजन दनैले मंगलबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। राष्ट्रिय टोलीबाट ६० खेलमा ६४ गोल गरेकी साम्बालाई म्याक्सीम्याक्ससँग जोड्न पाउँदा खुसी लागेको दनैले बताए।

साम्बाले म्याक्सिम्याक्सलाई धन्यवाद दिँदै यसबाट नयाँ पुस्तालाई पनि प्रेरणा मिल्ने विश्वास व्यक्त गरिन्।

अखिल नेपाल फुटबल संघ (एन्फा) का महासचिव किरण राईले म्याक्सिम्याक्सलाई धन्यवाद दिँदै यसले अन्य खेलाडी पनि बाटो खुल्ने भनाइ राखे। साम्बाले म्याक्सिम्याक्सको प्रवर्द्धनमा भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ। एपीएफ क्लबबाट खेल्न सुरू गरेकी साम्बाले इन्डियन वुमन्स लिगमा सेथु एफसी, गोकुलम केरलाबाट खेलिसकेकी छन्।

सन् २०२२-२३ मा गोकुलमलाई इन्डियन वुमन्स लिगको उपाधि दिलाउँदा उनले १० खेलमा ३१ गोल गरेकी थिइन। गत वर्ष उनले फ्रान्सको प्रिमियर लिगमा गुइनगाम्पबाट खेलेकी थिइन। म्याक्सिम्याक्सले संस्थाको ब्रान्ड एम्बासडर 'साम्बा' सँग तीन वर्षका लागि सम्झौता गरेको हो। अष्ट्रेलियाको मेलबर्नमा मुख्य कार्यालय रहेको म्याक्सिम्याक्स एजुकेशन अष्ट्रेलियामा विभिन्न सामाजिक, सांस्कृतिक र खेलकुद गतिविधिहरूमा सक्रिय रूपमा संलग्न छ। रासस



## बागमतीमा मुख्यमन्त्री बानियाँले पाए विश्वासको मत

**मुख्यमन्त्री बानियाँको पक्षमा ६३ मत, विपक्षमा २२ मत**

**लामा समूहका सांसदले मन्त्री नियुक्तिको प्रस्तावमा सहमतिपछि गरे समर्थन**

news 24
**हेटौंडा, साउन २७**

बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले विश्वासको मत पाएका छन्। बागमती प्रदेश सभा बैठकमा मंगलबार उनले सत्तारुढ दल कांग्रेस र एमालेको समर्थनमा विश्वासको मत पाएका हुन्।

साउन २० गते मुख्यमन्त्री नियुक्त भएका उनका ९२ सांसदको उपस्थितिमा मतदान भएको थियो। बानियाँले ६३ मत प्राप्त गरे भने २२ मत विपक्षमा परेको छ। त्यस्तै ७ सांसदले तटस्थ रहे। मुख्यमन्त्री बानियाँले कांग्रेसका ३६ र एमालेका २७ मत प्राप्त गरेका हुन्। कांग्रेसका कुल ३७ सांसदमध्ये रामकृष्ण चित्रकार देशबाहिर रहेकाले मतदानमा अनुपस्थित थिए।

तीन जना मन्त्री नियुक्तिको बटनलाइनमा रहेका बहादुरसिंह लामा समूहका १३ सांसदले पनि मुख्यमन्त्री बानियालाई विश्वासको मत दिएका थिए। विश्वासको मत लगत्तै मुख्यमन्त्री बानियाँले लामा समूहले उठाएको मन्त्री नियुक्ति सम्बन्धी प्रस्तावमा सहमति जनाएका छन्। यसअघि लामालाई प्रदेश सभामा संसदीय दलको नेताबाट हटाएर राजीनामा दिन लगाइएपछि बानियाँले सरकारको नेतृत्व गर्ने बाटो खुलेको हो। प्रदेशको स्थिरता र सरकार सञ्चालनमा सघाउ पुऱ्याउने उद्देश्यले कांग्रेस-एमालेबीच सहमति बनेको छ भने पूर्वमुख्यमन्त्री लामाले पनि आफ्ना माग राख्दै सहकार्यको प्रस्ताव अघि सारेका थिए। मुख्यमन्त्री बानियाँले उक्त प्रस्ताव स्वीकार गरेपछि लामा समूह विश्वासको मत दिन तयार भएको थियो।

## राजीनामा दिँदै...

सभापतिको रुपमा कृष्णप्रसाद भट्टराईको अनुयायी भएको, आफू निर्दोष भएको, नखाएको विष लागेको, दोषी भनेर किटान गरिएको छैन। न राजीनामा उल्लेख गरिएको छ, न प्रचलित कानून बमोजिम कारवाहीको सिफारिस गरिएको छ। जिम्मेवार भन्ने शब्द प्रयोग भएकाले जिम्मेवारीबोध गर्दै हाँसीहाँसी राजीनामा दिएको घोषणा गर्छु सभामुख महोदय।

## कानून व्यवसायीले गरे पत्रकारमाथि आक्रमण

**घटनामा महासंघका प्रदेश अध्यक्ष श्यामप्रसाद बन्जारा, महासचिव महतो, पत्रकार दिवाकर रायलगायत ६ जनाभन्दा बढी घाइते**

धनुषा। जनकपुरधाममा कानून व्यवसायीले पत्रकारमाथि आक्रमण गरेका छन्। गुठी संस्थानले नेपाल पत्रकार महासंघ मधेस प्रदेशलाई उपलब्ध गराएको जग्गा सम्बन्धमा नेपाल बार एसोसिएसन जनकपुरसँग विवाद हुँदा पत्रकारमाथि कानून व्यवसायीको समूहले आक्रमण गरेको हो।

घटनामा महासंघका प्रदेश अध्यक्ष श्यामप्रसाद बन्जारा, महासचिव महतो, पत्रकार दिवाकर रायलगायत ६ जनाभन्दा बढी घाइते भएका छन्। उनीहरूको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ।

महासचिव महतोको खुट्टामा चोट लागेको छ। अध्यक्ष बन्जाराको शरीरका विभिन्न भागमा चोट लागेको छ भने दिवाकरको टाउकोमा चोट लागेको छ। महासंघले संस्थानसँग भाडामा लिएको जग्गा कब्जा गर्दै कानून व्यवसायीले आफूहरूमाथि कुटपिट गरेको महासंघ मधेस प्रदेशका महासचिव शैलेन्द्र महतोले बताए।

जनकपुरधामस्थित भूतनाथ महादेवको दक्षिणतिर पत्रकार महासंघले चार कट्ठा जग्गा लिजमा लिएको छ। नेपाल बार एसोसिएसन जनकपुरधामले भने साउन २० गते सूचना जारी गर्दै २१ गतेदेखि सोही जग्गामा कानून व्यवसायीलाई गाडी पार्किङ गर्न आह्वान गरेको थियो।

महासंघको जग्गा बारले बलजफ्ती कब्जा गरेपछि विवाद सुरु भएको हो। प्रदेश अध्यक्ष बन्जाराले गुठीसँग विधिवत् रूपमा सबै प्रक्रिया पूरा गरेर वार्षिक तीन लाख एक हजार १०० रुपैयाँ भाडा तिर्नेगरी जग्गाको २० वर्षको सम्झौता भएको बताए। यसमा बारले भने विरोध जनाइरहेको छ।

अध्यक्ष बन्जाराले बारसँग वार्तासमेत भएको उल्लेख गर्दै भने, 'बारसँग हाम्रो मौखिक सम्झौता पनि भएको थियो। हाम्रो जग्गाको पछाडि पनि जग्गा छ, यो जग्गा प्रयोग गर्नुस् बाटोको समस्या भए फुकाइदिन्छौं भन्ने मौखिक सम्झौता भएको थियो, तर आज एकाएक उहाँहरू आक्रमणमा उत्रिनुभयो।'

अध्यक्ष बन्जाराले यस विषयमा जिल्ला अदालतमा रिट परेको र भदौ ५ गते दुवै पक्षलाई छलफलका लागि बोलाइएकाले त्यसैबाट टुंगो लाग्ने विश्वास व्यक्त गरे। महासंघका महासचिव महतोले साउन १९ गते महासंघको गुठी संस्थानसँग चार कट्ठा जग्गाको सम्झौता भएको बताए। गत जेठ ७ मा गोरखापत्रमा तीन वटा जग्गाका लागि सूचना प्रकाशित भएकामा विभिन्न संघसंस्थाले प्रस्ताव पेस गरेकोमा प्राविधिक, आर्थिक प्रस्ताव पेस गरेपछि महासंघको प्रस्ताव पारित भएको उनको भनाइ छ।

*रासस*

## रास्वपा महामन्त्रीमा मुकुल ढकालको दाबी खारेज

news 24
**काठमाडौं, साउन २७**

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का संस्थापक महामन्त्री मुकुल ढकालको दाबी खारेज गरेको छ। सर्वोच्चले रास्वपामा ढकालले महामन्त्री दाबी गरिएको रिट निवेदन खारेज गर्दै एउटा आसा बन्द गरिदिएको छ।

न्यायाधीशहरू नहकुल सुवेदी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासको मंगलबार रिट निवेदन खारेज गर्ने आदेश गरेको हो। ढकालले रास्वपालगायतलाई विपक्षी बनाउँदै महामन्त्रीको दाबीसहित गत असार ११ मा रिट निवेदन दर्ता गराएका थिए।

रास्वपामा भएको विवादपछि उनलाई पदबाट निष्कासन गरिएको थियो। त्यसपछि ढकाल महामन्त्री रहेको दाबीसहित पदकै हैसियतमा काम गर्न पाउनुपर्ने भन्दै सर्वोच्च अदालत पुगेका थिए।

असार १२ मा प्रारम्भिक सुनुवाई गर्दै न्यायाधीश कुमार रेग्मीको इजलासले रास्वपा र यसको नेतृत्वसँग लिखित जवाफ माग्ने आदेश गरेको थियो। त्यसपछि असार २९ मा सर्वोच्चले विवादित निर्णयका कागजात सबै झिकाउने आदेश गरेको थियो। न्यायाधीशहरू हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेयको इजलासले विवादित विषयमा गरिएका निर्णय र पत्राचारसम्बन्धी सबै कागजात झिकाउने आदेश गरेको थियो।

रास्वपाको स्थापनामा योगदान पुऱ्याएको दाबी गर्ने संस्थापक महामन्त्री ढकालले पार्टी सभापति रवि लामिछानेको विषयमा सार्वजनिक रुपमै आलोचना गर्दै आएका थिए। त्यसपछि उनलाई पार्टीहित विपरीत गतिविधि गरेको भन्दै २०८१ असार २६ मा पार्टीबाट निकालिएको थियो। त्यसपछि ढकालले आफू रविको क्लबबाट निकालिएको प्रतिक्रिया दिँदै आएका थिए। तर, उनी रास्वपाकै महामन्त्री दाबी गर्दै आएका छन्।



## कानून बनाउँदा...

जसरी संसदमै बहुविवाहको संशोधन विधेयकको हल्ला चल्यो त्यसलाई पनि ध्यान दिनुपर्ने टिप्पणी उनले गरिन्। निजामती विधेयकमाजस्तो संविधानसभाको बेला पनि त्यस्ता घटना हुने गरेको स्मरण उनले गरिन्। 'नेतृत्वले एकथरि बनाएर पठाउने भोलिपल्ट कम्प्युटरले बिगारेर पठाउने हुन्थ्यो,' उनले भनिन्, 'स्वार्थ समूह हाबी हुने चलन अहिलेको मात्रै नभइ पहिलेकै हो।'

माओवादी केन्द्रका सांसद शक्तिबहादुर बस्नेतले निजामती विधेयकमा भएको हेरफेरमा छानबिन विशेष समितिले तयार गरेको प्रतिवेदनमा सरकारको दृष्टिकोण मागेका थिए। उनले विधेयकहरूमा भैरहेको छेंडखानीलाई उल्लेख गरे। 'शिक्षा विधेयक असार १५ भित्रमा पारित गर्ने भनेर हामीले शिक्षकलाई पठाएका थियौं। शिक्षक विधेयक किन ढिलाई भयो ?,' उनले प्रश्न गर्दै भने, 'सबै जिम्मा सरकारले लिनुपर्छ।' उनका अनुसार सबै विषयको जवाफदेही सरकार हुनुपर्ने बताए।

**सभापतिले दिए राजीनामा**

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले अन्ततः पदबाट राजीनामा दिएका छन्। उनले आफू सन्त, त्यागी नेताहरूको चेलो भएकाले विधेयक गडबडीमा आफ्नो कुनै गल्ती नहुँदानहुँदै पनि पदबाट राजीनामा दिएको बताए।

विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसादको चेलो भएको दाबी उनले गरेका थिए। उनले भने 'पदीय जिम्मेवारी बहन गर्दाका बखत त्रुटि हुँदा हाम्रा अग्रजले कहिल्यै अर्काको टाउकोमा थोपरेर नैतिक जिम्मेवारीबाट भाग्नुभएन। लोकतन्त्रलाई बलियो बनाउन उहाँहरूको जस्तो भूमिका रह्यो म त्यो पदमा हिँड्न चाहन्छु।'

राष्ट्रिय स्वतन्त्र पार्टीलाई कटाक्ष गर्दै ठूलाठूला प्रकरण र जघन्य आरोपीहरू यही संसदका अघिपछि भइरहँदा संसदीय मान्यतालाई गिज्याइरहेको महसुस भएको उनले बताए।

संघीय निजामती विधेयकबारे त्रुटि कसबाट भएको हो भन्ने भोलिका दिनमा प्रमाणित हुँदै जाने उनको दाबी छ। आफ्नो हस्ताक्षर परेको नाताले जिम्मेवारी बहन गर्दै राजीनामा दिएको उनको प्रष्टीकरण थियो।

निष्ठा र इमान्दारिताको खडेरी पुगेको बेला आफूले जिम्मेवारी लिएको दाबी उनले गरे। कर्मचारीहरूले आफ्नै किसिमले स्वार्थ र समर्थनमा अधिक चासो बढाएको विधेयकमा आफू लडेरै 'कुलिङ पिरियड' राख्न सकेको उनले बताए।

## नेपालगंज–दिल्ली हवाई उडान थाल्न माग

news 24
**काठमाडौं, २७ साउन।**

पश्चिम नेपालको आर्थिक रूपान्तरण र पर्यटन प्रवर्धनको 'गेम चेन्जर'का रूपमा नेपालगंज-नयाँ दिल्ली हवाई सेवा सुरु गर्नुपर्ने आवाज उच्चस्तरमा गुन्जिएको छ। नेपालगंज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले यो रुट सुरु भए सिंगो पश्चिम नेपाल समृद्धिको बाटोमा प्रवेश गर्ने दाबी गरेका छन् भने कांग्रेसका बाँके सचिव सुधांशु कोइरालाले यसबाट भारतलाई समेत प्रत्यक्ष लाभ हुने तर्क गरेका छन्।

सोमबार नेपालगंज-दिल्ली उडान दबाब समूहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई बालुवाटारमा भेटेर कूटनीतिक पहलको आग्रह गरेको थियो। बाँके र बर्दियाका जनप्रतिनिधि, उद्योगी-व्यवसायी र पर्यटन क्षेत्रका प्रतिनिधिहरू सहभागी टोलीले परराष्ट्रमन्त्री र पर्यटनमन्त्रीसँग पनि संवाद गरेको छ।

मंगलबार काठमाडौंमा आयोजित छलफलमा मेयर विष्टले भने, 'नेपालगंज विमानस्थल सबै हिसाबले अन्तर्राष्ट्रिय उडानका लागि सक्षम छ। तीन अर्बभन्दा बढीको लगानीमा स्तरोन्नति भइसकेको छ। अहिले काठमाडौंबाट दैनिक १२ वटा उडान भइरहेका छन्। सर्वदलीय र सर्वपक्षीय सहमतिमा हामीले यो म्याण्डेट पाएका हौं, अब कार्यान्वयन मात्र गर्नुपर्छ।' उनका अनुसार सुदूरपश्चिम र कर्णाली प्रदेशले पूर्ण समर्थन जनाइसकेका छन्। उनले नेपालगंजबाट भारतको अयोध्यासँग नजिकका धार्मिकस्थल तथा मानसरोवरसम्म जाने तीर्थयात्रा र साहसिक पर्यटनको सम्भावनामा जोड दिए। 'भारतका धेरै तीर्थयात्री नेपालगंज हुँदै मानसरोवर पुग्छन्, यो रुट सुरु भएमा पर्यटनमा ठूलो वृद्धि हुनेछ,' उनले भने।

नेपालगंजमा १०८ फिट अग्लो हनुमान मूर्ति निर्माणको तयारी भइरहेको उनले जानकारी दिए, जसले धार्मिक पर्यटकलाई थप आकर्षित गर्ने अपेक्षा गरिएको छ। कांग्रेस बाँकेका सचिव कोइरालाले पनि नेपालगंज विमानस्थलको प्राविधिक क्षमता उच्च रहेको बताए। 'जाजरकोट भूकम्पका बेला भारतीय वायुसेनाका जहाज सहजै अवतरण भएका थिए। यसले देखाउँछ कि नेपालगंजबाट दिल्ली मात्र होइन, मुम्बई र देहरादुनसम्म पनि नियमित उडान सम्भव छ,' उनले भने।



नेपालगंजका मेयर प्रशान्त विष्ट

उनका अनुसार, नेपालगंज मानसरोवर, बर्दिया राष्ट्रिय निकुञ्ज र रारा तालको प्रवेशद्वार हो, जसले भारतीय र अन्तर्राष्ट्रिय पर्यटक ल्याउन ठूलो टेवा दिनेछ। दिल्ली-नेपालगंज हवाई सम्पर्क सुरु भए व्यापार, स्वास्थ्य, शिक्षा र सांस्कृतिक आदान-प्रदानमा सम्भावनाको नयाँ मार्ग खुल्ने उनको तर्क छ। कोइरालाले यो रुटले भारतलाई पनि फाइदा हुने प्रष्ट पारे। पश्चिम नेपालको कृषि उत्पादन, हस्तकला र जडीबुटी भारतीय बजारमा सजिलै पुऱ्याउन सकिने र भारतका लागि नेपालको पश्चिम भागसम्म प्रत्यक्ष पहुँच बढ्ने उनले बताए।

मेयर विष्ट र सचिव कोइरालाले प्रधानमन्त्री ओलीको आसन्न भारत भ्रमणलाई यो विषयमा उच्चस्तरीय संवादका लागि अवसरका रूपमा लिनुपर्ने सुझाव दिएका छन्। दबाब समूहका सदस्यहरूका अनुसार, प्राविधिक संरचना, अन्तर्राष्ट्रिय टर्मिनल र रुट प्रमाणीकरणका काम पूरा भइसकेकाले अब राजनीतिक इच्छाशक्ति मात्र आवश्यक छ। नेपालगंज विमानस्थल लामो समयदेखि पश्चिम नेपालको हवाई केन्द्रका रूपमा परिचित छ। अन्तर्राष्ट्रिय उडान सुरु भएमा यसलाई 'ट्रान्जिट हब'का रूपमा विकास गर्न सकिने सम्भावना स्थानीय व्यवसायी र पर्यटन क्षेत्रले देखिरहेका छन्।

**यस्तो छ विमानस्थल**

२०११ सालतिर स्थापना भएको नेपालगंज विमानस्थल प्रारम्भमा पश्चिम नेपालका दुर्गम जिल्लाहरू जुम्ला, डोल्पा, रुकुम, हुम्ला र मुगुतर्फका यात्रु र सामग्री ढुवानीका लागि मुख्य प्रवेशद्वारका रूपमा प्रयोग हुँदै आएको हो। लामो समयसम्म यसलाई घरेलु उडान केन्द्रको रूपमा मात्र प्रयोग गरिएको यो विमानस्थलको धावनमार्ग हाल १५ सय मिटर लम्बाइको पक्की छ, जसमा मध्यम आकारका जेट विमानहरू सजिलै उडान-अवतरण गर्न सक्छन्।

टर्मिनल भवन हालै करिब ३ अर्ब रुपैयाँको लगानीमा स्तरोन्नति गरिएको छ। अन्तर्राष्ट्रिय टर्मिनलसहितको संरचना तयार छ। काठमाडौं-नेपालगंजबीच दैनिक १०-१२ उडान भइरहेका छन्। एटीसी प्रणाली, फायर रेस्क्यू युनिट, तथा आवश्यक सुरक्षा संयन्त्र अपडेट गरिएको छ।

भौतिक संरचना, धावनमार्ग क्षमता, टर्मिनल सुविधा, आवत-जावत व्यवस्थापन, भन्सार र अध्यागमन सेवा सञ्चालनका हिसाबले अन्तर्राष्ट्रिय उडान धान्न सक्ने क्षमता बनिसकेको छ।नागरिक उड्डयन प्राधिकरणका अनुसार नेपालगंज-भारतका विभिन्न शहर (दिल्ली, लखनऊ, देहरादुन, मुम्बई)सम्म छोटो दूरीको अन्तर्राष्ट्रिय फ्लाइट सञ्चालन प्राविधिक रूपमा सम्भव छ। अवरोध भनेको द्विपक्षीय हवाई सम्झौता र औपचारिक अनुमति प्रक्रिया मात्र हो, जसका लागि नेपाल र भारतबीच उच्चस्तरीय सहमति आवश्यक पर्छ।

## उमेर प्रमाणीकरण...

युट्युबका उत्पादन व्यवस्थापन निर्देशक जेम्स बेसरका अनुसार, युट्युब सधैं युवापुस्ताका लागि सुरक्षित अनुभव दिन अग्रपंक्तिमा रहँदै आएको छ। यस प्रणालीमार्फत किशोरहरूको गोपनीयता जोगाउँदै आवश्यक सुरक्षा प्रदान गर्ने लक्ष्य राखिएको छ।

लगइन नगरी पनि भिडियो हेर्न सकिन्छ, तर त्यस अवस्थामा उमेर प्रमाणित नगरी केही सामग्रीमा स्वतः रोक लाग्नेछ।

अमेरिकामा यस्ता प्रविधिको आवश्यकता अझ बढेको छ, किनकि गत जुन महिनामा सर्वोच्च अदालतले टेक्सासको एउटा कानूनलाई समर्थन गऱ्यो, जसले नाबालिगलाई अनलाइन अश्लील सामग्रीबाट बचाउने उद्देश्य राख्छ।

युट्युबजस्ता केही कम्पनीहरूले उमेर प्रमाणीकरणमा ध्यान दिइरहेका छन्। तर अन्य कम्पनीहरूले यो जिम्मेवारी एप्पल र गुगलको एप स्टोरले लिनुपर्ने धारणा राखेका छन्। यी कम्पनीहरूले भने यस धारणा स्वीकार गरेका छैनन्।

यसैबीच, इलेक्ट्रोनिक फ्रन्टियर फाउन्डेसन र सेन्टर फर डेमोक्रेसी एन्ड टेक्नोलोजी जस्ता डिजिटल अधिकार समूहहरूले भने यस्तो प्रणालीले व्यक्तिगत गोपनीयतामा असर पार्ने र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी कानूनको उल्लंघन गर्न सक्ने चेतावनी दिएका छन्।

यो परीक्षणबाट युट्युबले नाबालिगलाई अनुचित सामग्रीबाट बचाउने र साथसाथै किशोरहरूको गोपनीयता कायम राख्ने उद्देश्य राखेको छ। सफल भएमा, यो प्रविधि अन्य मुलुकमा पनि विस्तार गर्ने सम्भावना छ। (एपी)

## आजको राशिफल

**मेष** — आर्थिक पक्ष मजबुत हुने संकेत छन्। नयाँ कार्य वा यात्रामा सफलता मिल्नेछ। स्वास्थ्यमा सुधार आउनेछ।

**वृष** — व्यापारमा लाभ हुने समय हो। पारिवारिक वातावरण रमाइलो रहनेछ। नजिक भएकासँग सम्बन्ध अझ प्रगाढ हुनेछ।

**मिथुन** — कर्म क्षेत्रमा जिम्मेवारी बढ्नेछ। नयाँ अवसर आउने योग छ। सजगता पनि अपनाउनुपर्ने देखिन्छ। स्वास्थ्यमा समस्या देखिन सक्छ।

**कर्कट** — पारिवारिक कार्यमा समय बित्नेछ। वैवाहिक जीवनमा सुखद समय रहनेछ। आर्थिक पक्ष स्थिर रहनेछ।

**सिंह** — आत्मविश्वास बढ्नेछ। कार्यक्षेत्रमा प्रशंसा पाइने सम्भावना छ। सन्तान पक्षबाट शुभ समाचार आउनेछ।

**कन्या** — नयाँ योजना सुरु गर्न समय अनुकूल छैन। विवादमा पर्न सक्ने सम्भावना छ। आर्थिक निर्णय सोचविचारपूर्वक गर्नुहोस्।

**तुला** — प्रेम सम्बन्धमा मधुरता आउनेछ। सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। स्वास्थ्य राम्रो रहनेछ।

**वृश्चिक** — व्यापार बढने सम्भावना छ। घर परिवारमा सुख-शान्ति रहनेछ। नयाँ साथी बनाउने अवसर मिल्नेछ।

**धनु** — यात्रा गर्ने योजना बन्न सक्छ। धार्मिक वा आध्यात्मिक कार्यमा मन जानेछ। आर्थिक लाभ हुनेछ।

**मकर** — आफन्तसँगको भेटघाटले मन प्रसन्न हुनेछ। दाम्पत्य जीवनमा मिठास आउनेछ। स्वास्थ्य उत्तम रहनेछ।

**कुम्भ** — ज्ञान प्राप्तिको अवसर मिल्नेछ। काममा सफलता पाउने समय छ। आर्थिक लाभ मध्यम रहन सक्छ।

**मीन** — पुराना कामहरू पूरा हुनेछन्। नजिकका व्यक्तिसँग सहयोगको आदानप्रदान हुनेछ। स्वास्थ्यमा ध्यान दिनुहोस्।

## वीरगंज कारागारका...

मृतकका आफ्न्तले भने साहको नारायणी अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि वीरगंजस्थित नेशनल मेडिकल कलेज लैजाने तयारी गर्दा कैदीबन्दीको हकमा प्रक्रिया पुऱ्याउनुपर्ने भन्दै प्रशासनले ढिला गरेपछि मृत्यु आरोप लगाएका छन्।

घटनाका सम्बन्धमा नारायणी अस्पतालका सूचना अधिकारी फिजिसियन डा. उदयनारायण सिंहले मृतकलाई अस्पताल ल्याउदै अवस्था चिन्ताजनक रहेको बताए। अस्पतालले आफ्नोतर्फबाट गर्न सक्ने उपचार गर्दा पनि बचाउन सम्भव नभएको उनले बताए। डा. सिंहले भने, 'मृतकलाई अस्पतालमा ल्याउँदा ब्लडप्रसेर शून्य थियो भने मुखबाट ऱ्याल र रगत आइरहेको थियो। डाक्टरहरूले आकस्मिक कक्ष अभावका कारण अन्य ठाउँमा उपचार गर्न सल्लाह दिएको थियो।'

स्थानीय प्रशासनले भने अस्पतालमै उपचार गर्न निर्देशन दियो। अन्यत्र लैजान लागिएका साहलाई फेरि आकस्मिक कक्षमा ल्याएर उपचार गर्न खोज्दा मृत्यु हुन पुगेको डा. सिंहले बताए।

यता पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले मृतकका आफन्तले स्थानीय प्रशासनमाथि लगाएको आरोपको खण्डन गरेका छन्। उनले कागजी प्रक्रियाका कारण उपचारमा ढिलाइ भएको आरोपलाई गलत भन्दै आफूले बिरामीको गम्भीर स्वास्थ्य अवस्थालाई मध्यनजर गरेर ज्यान जोगाउनका निम्ति अस्पताल प्रशासनलाई आकस्मिक कक्षमा उपचारको व्यवस्था गर्न निर्देशन दिएको दाबी गरे।

घटनाले विवाद भएपछि मृतकका आफन्तसँग छलफल गरेर घटना छानबिनका लागि ७ सदस्यीय टोली गठन भएको जानकारी प्रजिअ अर्यालले दिए। घटनामा दोषी देखिएमा जो कोहीलाई पनि कारवाहीको दायरामा ल्याउने प्रतिबद्धता उनले गरेका छन्।

# देशभर ९१ प्रतिशत रोपाइँ, मधेशमा चिन्ताजनक



काठमाडौं / यस वर्षको धान रोपाइँ सिजन सकारात्मक संकेतसहित अघि बढेको छ। साउन २७ सम्म आइपुग्दा देशभर कुल ९१ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको सरकारी तथ्यांक छ। गत वर्षको तुलनामा यो आठ प्रतिशतले वृद्धि हो, जुन कृषिमा देखिएको उत्साहदायक खबर हो। झण्डै १२ लाख ५४ हजार हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न भएको जानकारी कृषि तथा पशुपक्षी विकास मन्त्रालयले दिएको छ। यद्यपि, यो उपलब्धिका बीच पनि क्षेत्रीय असमानता र जलवायुजन्य प्रभावको गहिरो रूपमा देखिन्छ।

प्रदेशगत हिसाबमा सुदूरपश्चिम ९९.७ प्रतिशत रोपाइँका साथ शीर्ष स्थानमा छ, भने कर्णाली र लुम्बिनी पनि ९८ प्रतिशतले सन्तोषजनक स्थिति दर्शाइरहेका छन्। यी तथ्यहरूले देशका अधिकांस भागमा मनसुनको उपयुक्त समयमै सक्रियता र किसानको लगनशीलतालाई देखाउँछन्। मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार, आगामी भदौ दोस्रो सातासम्म ९८ प्रतिशत रोपाइँ पूरा हुने अनुमान छ, जसले उत्पादन लक्ष्यलाई अझ मजबुत आधार दिनेछ।

तर, मधेस प्रदेशमा भने यो उत्साहको सुस्त देखिन्छ। त्यहाँ अहिलेसम्म मात्र ७६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ, जुन विगत वर्षको ९७ प्रतिशत तुलनामा निकै कम हो। मुख्य कारण मनसुनको ढिलो सक्रियता र अपर्याप्त वर्षा हो, जसले नेपालको धान उत्पादनको मुख्य क्षेत्र मानिने मधेसमा चिन्ताजनक संकेत दिएको छ।

जोशीका अनुसार, तराई क्षेत्रबाट देशको कुल धान उत्पादनको करिब ७० प्रतिशत हिस्सा आउँछ, जबकि बाँकी ३० प्रतिशत पहाडी क्षेत्रबाट, यस्तोमा तराईमा रोपाइँ ढिलो हुनु वा प्रभावित हुनु स्वाभाविक रूपमा समग्र चामल उत्पादनमा असर पुर्‍याउने सम्भावना रहन्छ।

गत आर्थिक वर्षमा नेपालले ५७ लाख २४ हजार मेट्रिक टन धान उत्पादन गरेको थियो। यो वर्ष ६० लाख मेट्रिक टन उत्पादनको लक्ष्य राखिएको छ, जसबाट करिब ३५ लाख मेट्रिक टन चामल उत्पादन हुने अनुमान गरिएको छ। मौसम अनुकूल रह्यो भने यो लक्ष्य हासिल हुन सक्ने देखिन्छ।

यद्यपि, जलवायु परिवर्तन, अनियमित वर्षा, बाढी वा खडेरीले हरेक वर्ष कृषि चक्रमा असर पारिरहेको छ। मन्त्रालयले प्रविधिमा सुधार, उन्नत बीउविजनको प्रयोग, र किसानको सीप विकासमार्फत उत्पादनमा वृद्धिको अपेक्षा राखेको छ। तर, यस्ता प्रविधि र ज्ञान सबै क्षेत्रमा समानरूपमा पुग्न सकेका छैनन् भन्ने यथार्थ पनि छ।

धान नेपालको खाद्य सुरक्षाको मेरुदण्ड हो। यस्तोमा रोपाइँको प्रतिशत मात्रै होइन, उत्पादनको गुणस्तर, मौसम र नीतिले दीर्घकालीन असर पार्छन्। यसपालिको रोपाइँ प्रगतिले आशा जगाए पनि, मधेसजस्ता संवेदनशील क्षेत्रमा देखिएको चुनौतीले कृषि प्रणाली अझ सुदृढ र अनुकूलनशील बनाउनुपर्ने आवश्यकता बलियो बनाएको छ।

# बासी रोटीको निहुँमा डीएसपीद्वारा भान्सेमाथि कुटपिट

**दीपक खत्री**
**सिन्धुपाल्चोक, साउन २७**

जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकका प्रहरी नायव उपरीक्षक (डीएसपी) माधवराज खरेलले आफूलाई बासी खाना दिएको भन्दै भान्से शंकर कार्कीमाथि कुटपिट गरी जागिरबाट बर्खास्त गरेका छन्। घटनाबारे मिडिया र मानव अधिकारकर्मीमार्फत् उजागर भएपछि मात्रै विषय सार्वजनिक भएको हो।

पीडित शंकर कार्कीका अनुसार साउन २२ गते दिउँसो करिब २ बजे डीएसपी खरेल क्वार्टरमा खाना खान पुगेका थिए। त्यसअघि, उनले तीनजना प्रहरी निरीक्षकलाई खाना खुवाइसकेका थिए। डीएसपीका लागि भने सधैंझैं लसुन-प्याज नहालेको सात्विक भोजन, रोटी-तरकारी छुट्टै भाँडामा बनाइएको थियो। तर, त्यस दिन डीएसपी खरेलले 'मलाई बिहान ४ बजे बनाइएको बासी रोटी खान दिन्छस्?' भन्दै एक्कासि अपशब्द प्रयोग गर्दै कार्कीलाई दुई झापड हानेका थिए।

कार्कीका अनुसार, तेस्रो मुक्का रोक्ने प्रयासमा प्रयोग गरिएको ट्रे फुटेर डीएसपीको काँधमा चोट लागेपछि खरेल थप आक्रोशमा आए र उनलाई पशुजस्तै कुटपिट गरे। कुटपिटपछि भाँडा माझिरहेका बेला प्रहरी निरीक्षक रूपेश शाह आएर थप कुटपिट गर्दै कार्कीलाई हिरासतमा पुर्‍याएको कार्कीले बताएका छन्।

साउन २३ गते आमाको श्राद्धका लागि घर जानुपर्ने बताएको कार्की घर नपुगेपछि परिवारले खोजतलास सुरु गरेको थियो। परिवारका अनुसार, उनलाई अचेत हुनेगरी कुटपिट गरी अस्पताल लगिएको भए पनि न त सम्पर्क गर्न दिइयो, न त जानकारी। बाहिरी चोटपटक नदेखिए पनि कार्कीले टाउको झमझमाउने, छाती दुख्ने र सास फेर्न गाह्रो भएको बताएका छन्।

घटनाको तीन दिनसम्म उनलाई परिवारसँग भेटघाट गर्न दिइएको थिएन। मोबाइल फोनसमेत जफत गरिएको थियो। साउन २६ गते परिवारले प्रहरी कार्यालयसँग छलफलको तयारी गरिरहेकै बेला बिहान १० बजे उनलाई 'अनुशासनहीन कार्य'को आरोपमा बर्खास्त गरिएको पत्र थमाइएको थियो।

शंकर कार्कीले बर्खास्ती निर्णयविरुद्ध पुनरावेदनमा जाने तयारी गरिरहेका छन्। उनका अनुसार प्रहरी नियमावलीमा उल्लेखित अनुशासन उल्लंघनसम्बन्धी कारबाहीहरू र तलब वृद्धिमा रोक, बढुवा रोक्का, सरुवाजस्ता सजायहरू सम्भव हुँदा-हुँदै एकपक्षीय ढंगले बर्खास्त गरिएको छ। परिवार र आफन्तले निष्पक्ष छानबिन र दोषीमाथि कानूनी कारबाहीको माग गरेका छन्।

घटनाबारे बुझ्न खोज्दा डीएसपी खरेलले सुरुमा 'यो विभागीय विषय हो, म बोल्न मिल्दैन' भन्दै पन्छिन खोजेका थिए। सञ्चारकर्मीले बोल्न जोड दिएपछि उनले प्रहरी नियमावलीअनुसार नै कार्कीलाई बर्खास्त गरिएको संक्षिप्त प्रतिक्रिया दिए। घटनाको विस्तृत विवरण दिन उनले अस्वीकार गरे।

केन्द्रीय प्रहरी प्रवक्ता विनोद घिमिरेले भने मुख्यालयलाई यसबारे जानकारी नभएको बताएका छन्। जिल्ला स्तरमै कारबाही भएको र रिपोर्ट नपठाइएको जनाउँदै उनले जवाफ दिन जिल्ला प्रहरी कार्यालयकै जिम्मा भएको बताएका थिए।

पीडित पक्षले घटनाको सत्यता पुष्टि गर्नका लागि निवास आसपासको सीसीटीभी फुटेज सार्वजनिक गर्न माग गरेका छन्।

# नाट्येश्वरी मन्दिरमा सय किलोको घण्टी





news 24
**बाजुरा, साउन २७**

बाजुराको त्रिवेणी-७ मा रहेको प्रसिद्ध धार्मिक तीर्थस्थल नाट्येश्वरी मन्दिरमा एक सय केजी तौलको घण्ट चढाइएको छ। अमेरिका बस्ने पदमबहादुर शाही, उनका भाइहरू भरत बहादुर र पारसविक्रमले जनैपूर्णिमाको अवसर पारेर घण्ट नाट्येश्वरीमा श्रद्धापूर्वक चढाएका हुन्।

मन्दिरमा चढाउनका लागि शाही परिवारले काठमाडौंमा शिल्पीमार्फत तीन महिना लगाएर विशेष गजुरसहितको कलात्मक घण्ट निर्माण गराएका थिए। बाजुरा ल्याइएको घण्टलाई बाजागाजा, पञ्चकन्या र धामी-पुजारीको सहभागिता तथा लावालस्करसहित नाट्येश्वरीको भण्डारघर खिरपाटाबाट मन्दिरसम्म पुर्‍याइएको हो। मन्दिरका पुजारी पर्वतबहादुर शाहीका अनुसार मन्दिरमा घण्ट अर्पण परम्पराका रूपमा रहे पनि यति ठूलो घण्ट पहिले थिएन।

'शाही परिवारले अर्पण गरेको घण्ट ठूलो र कलात्मक छ,' उनले भने, 'यसले मन्दिरको गरिमा वृद्धि गर्छ।' ऐतिहासिक नाट्येश्वरी मन्दिर हालै जीर्णोद्धार सम्पन्न भएको हो।

राणाकालमा प्रधानमन्त्री वीर शमशेर र पछि रानी ऐश्वर्यका हजुरबुवा जर्नेल अग्नि शमशेर जबराले पनि यहाँ घण्ट चढाएका थिए। ती पुराना घण्टहरू अहिले पनि मन्दिरमा सुरक्षित छन्।

परापूर्वकालमा स्थानीय राजा दीपराज छत्यालले बडीमालिका मन्दिरको निर्माणपछि देवीको आज्ञाअनुसार भन्दै नाट्येश्वरी मन्दिर स्थापना गराएका थिए। बडीमालिका देवीलाई बहिनी र नाट्येश्वरी देवीलाई दिदीका रूपमा पुज्ने परम्परागत मान्यता छ।

# ठगी र कीर्ते गर्ने कर्मचारीलाई कारावास, पाँचजना अझैं फरार

**दिलिप सहनी**
**सिराहा, साउन २७**

सुकुम्बासीका नाममा जग्गा बाँडफाँडको नाममा भएको ठगी र सरकारी कागजात कीर्ते प्रकरणमा संलग्न ठहर भएका सिराहाका दुई सरकारी कर्मचारीलाई पूर्पक्षका लागि कारावास चलान गरिएको छ। आइतबार सिराहा जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद थापाको इजलासले मालपोत तथा भूमिसुधार कार्यालयमा कार्यरत कार्यालय सहयोगी राजकुमार राय र भूमि समस्या समाधान आयोग, सिराहाका कम्प्युटर अपरेटर सन्तोषकुमार यादवलाई कारागार पठाउने आदेश दिएको हो।

यो घटनामा संलग्न अन्य पाँचजना भने अझै पक्राउ परेका छैनन्। फरारमध्ये भूमि समस्या समाधान आयोग, सिराहाका अध्यक्ष रामअधिन यादव, विष्णुपुर-१ का शिवदयाल कामति र रामदयाल कामति, सिराहा नगरपालिका-७, का शिवकुमार राय र नगिना राय कुर्मी रहेका छन्। जिल्ला प्रहरी कार्यालय, सिराहाका प्रवक्ता डीएसपी वीरेन्द्र कुमार पासवानका अनुसार उनीहरूको खोजी तीव्र पारिएको छ।

यो प्रकरणबारे नरहा गाउँपालिका-३, का राजदेव यादव, सिराहा नगरपालिका-१२, का गौतम कुमार कार्की र गोलबजार नगरपालिका-७, का मोतिलाल श्रेष्ठले छुट्टाछुट्टै जाहेरी दिएका छन्।

# विवाहमा बाजा बजाएर वार्षिक लाखौं आम्दानी गर्दै पाल्पाका महिला



**तानसेन, साउन २७**

पाल्पाको तानसेन नगरपालिका-१०, तेल्घाकी ६० वर्षीया तारादेवी बस्याललाई बाजा बजाउन भ्याइनभ्याइ छ। गाउँघरमा हुने विवाह, पूजालगायत शुभकार्य र मेला महोत्सवमा बस्यालको व्यस्तता बढेको हो।

गाउँघरमा हुने विवाह, पूजा, कुलपूजा, व्रतबन्धलगायतका शुभकार्यमा बाजा बजाउने मानिस नभेटिँदा उनले तीन वर्षअघि गाउँकै दिदीबहिनी मिलेर नौमती, पञ्चैबाजा बजाउन सिकेकी थिइन्। बाजा समूहकी अध्यक्षसमेत रहेकी बस्यालले समूह गठन गरेर व्यावसायिक रूपमा आम्दानी लिन थालेको बताइन्। बाजा बजाउन सिकेपछि मौलिक संस्कृतिको संरक्षणसँगै गाउँघरमा विवाह, पूजालगायतका धार्मिक कार्यमा सहजतासँगै महिलाहरूको आम्दानीको स्रोत बनेको उनको भनाइ छ।

बाजा बजाएरै वार्षिक प्रतिव्यक्ति तीन लाख रुपैयाँसम्म आम्दानी हुने गरेको बस्यालले जानकारी दिइन्। घरधन्दाले मात्र जीवन बिताउन कठिन भएपछि गाउँका महिलाहरूले बाजा बजाउन सिकेको उनले बताइन्। उनले भनिन्, 'हामीहरूले पञ्चैबाजा बजाउन नसिक्दा गाउँमा विवाह, पूजालगायतमा बाजा बजाउने मानिस नपाइने अवस्था थियो। टाढाबाट बाजा बजाउने मानिस ल्याउँदा खर्च बढी हुन्थ्यो। पछिल्लो समय गाउँघरमा हुने शुभकार्यमा सहज भएको छ।'

तीन वर्षअघि देखि बाहुन समुदायका महिलाहरू मिलेर बाजा बजाउँदै आएका हुन्। समूहले एउटा कार्यक्रमको रु १५ हजारदेखि ६० हजारसम्म पारिश्रमिक लिने गरेको समूहकी उपाध्यक्ष कमला बस्यालले बताइन्। समूहमा मञ्जु पन्थी, मनकुमारी न्यौपाने, भगवती भुसाल, तारा भट्टराई, सुष्मा बस्याल, सविता अधिकारी, खुमा पँगेनी, मञ्जु कँडेल, मिरा न्यौपाने र निरला शर्मासहित १२ महिला आबद्ध छन्।

पाल्पाका अधिकांश, कार्यक्रम, विवाह, महोत्सव, वार्षिकोत्सवदेखि मेला समारोहमा उनीहरूको माग छ। बाजा बजाउने महिलाहरूले एउटै पोसाक बनाएका छन्। उनीहरू धंकुरी कर्नाल, सनाई र मर्चुंगा, बजाउँछन्। उनीहरूले दमाहा, ढोलक, ट्याम्को र झ्याली बजाउँदा सबैलाई आकर्षित गर्ने गर्छ। उनीहरू गुल्मी र अर्घाखाँची, रुपन्देही र स्याङ्जासम्म बाजा बजाउन पुग्छन्। 'बाजा बजाउँदा सबैले हौसलामात्रै दिनुभएको छैन, आम्दानी पनि राम्रै भएको छ,' समूहकी उपाध्यक्ष बस्यालले भनिन्।

त्यसैगरी, रिब्दीकोट गाउँपालिका-३ का महिलाहरूले पनि पञ्जैबाजा बजाउने तालिम लिएर विवाह, व्रतबन्धलगायत धार्मिक उत्सव र सभासमारोहमा आफ्नो सीप देखाउन थालेका छन्। आदिवासी जनजाति समूहकी संयोजक अरुणा छहारीले पञ्चेबाजाको संरक्षण, परम्पराको जगेर्नासँगै आयआर्जनमा सहयोग पुग्ने भएकाले गाउँपालिका र वडाको सहयोगमा बाजा बजाउन सिकेको बताइन्। समूहमा ४० देखि ५५ वर्षसम्मका १६ महिला आबद्ध छन्।

'गाउँमा बाजा बजाउने युवा नहुँदा छिमेकी गाउँबाट बोलाउनुपर्ने थियो, छिमेकी गाउँबाट बाजा बजाउने जनशक्ति नआए संस्कार नै लोप हुने अवस्था आएपछि महिलाहरूले बाजा बजाउन सिकेर आम्दानी गर्न थालेका छौं', उनले भनिन्।

यहाँका महिलाले व्यावसायिक रूपमा बाजा बजाउन थालेको वडाध्यक्ष नारायणबहादुर केसीले बताए। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिप्रसाद खनालका अनुसार गत वर्ष गाउँपालिकाबाट वडामा विनियोजन गरेको रु ५० हजार बजेटले बाजा खरिद गरिएकामा यस वर्ष रु ५० हजार बजेट विनियोजन गरी बाजा बजाउन सिकाइएको हो। - *रासस*


# हार्दिक आभार



**शरत सिंह भण्डारी**

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ (घ २) र नियमावली, २०६४ को नियम ८ (१) (क १) अन्तर्गतको प्रत्येक आर्थिक वर्षमा १०० जना कामदार पठाउने बाध्यात्मक प्रावधान खारेज गर्न पहल गरी विधेयक मार्फत संशोधन गराई व्यवसायीहरुको इजाजतपत्र नविकरण मार्ग प्रशस्त गर्नु भएकोमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री **शरत सिंह भण्डारीज्यू**, सचिवज्यू, महाशाखा प्रमुखज्यू, कानून शाखा प्रमुखज्यू, महानिर्देशकज्यू, मन्त्रालय-विभागका सम्पूर्ण कर्मचारीज्यू, पत्रकारज्यू, नागरिक समाज र व्यवसायीज्यूहरुलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघ **हार्दिक आभार** प्रकट गर्दछौं ।

**भुवन सिंह गुरुङ**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१-४५९०९६९/४५९४४१८

## सम्पादकीय

# सुक्दो कुलेखानी, कुर्लंदो इप्पान

*मध्य बर्खामा पनि पर्याप्त पानी नपर्दा मकवानपुरस्थित कुलेखानी जलविद्युत् केन्द्रको जलाशयको सतह घटेर न्यून तहमा पुगेको छ। अहिले पानीको सतह बढ्न सकेन भने हिउँदमा काठमाडौंमा विद्युत् उपलब्ध गराउन सहज हुने छैन। आइतबार कुलेखानीको जलाशयमा पानीको सतह १४ सय ९२ मिटर मात्रै रहेको छ, जुन जलाशयको न्यून सतहभन्दा २.८८ मिटर मात्रै माथि हो। गत वर्ष यही समयमा कुलेखानीको पानीको सतह १५ सय १३ मिटर थियो। जलाशय पूर्णरूपमा भरिँदा ८५ लाख घनमिटर पानी जम्मा हुने कुलेखानीमा, ६० मेगावाटको कुलेखानी पहिलो, ३२ मेगावाटको कुलेखानी दोस्रो र १४ मेगावाटको कुलेखानी तेस्रो गरी ३ वटा जलविद्युत् केन्द्र सञ्चालनमा छन्। नेपाल विद्युत् प्राधिकरणले विद्युत् वितरण प्रणालीको भोल्टेज व्यवस्थापन गर्न अहिले पनि आवश्यकता अनुसार कुलेखानी जलाशय चलाइरहेको छ। सुक्खा यामको विद्युत्को उच्च माग व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका खेल्ने कुलेखानी नेपालको एकमात्र जलाशय जलविद्युत् केन्द्र हो। यसको उपयोग नदी सुक्ने मौसममा मात्र चलाउनु हो। तर, त्यही केन्द्र पनि पानी संकटले आफैं संकटग्रस्त बन्ने संकेत देखिएको बेला अहिले कुनै पनि हालतमो त्यहाँको पानी नचलाउनु नै बेस हुनेछ, नत्र संकटमाथि अर्को संकट थपिनेछ।*

*कुलेखानीले बिजुली उत्पादन गर्न सकेन भने लोडसेडिङको दबाब बढ्नेछ। जसले नेपालको आर्थिक, सामाजिक क्षेत्रमा विविध असर गर्नेछ। एकातिर, कुलेखानीले संकटको संकेत गरेको छ भने अर्कोतर्फ यहीबेला स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले बनिरहेका परियोजना सम्पन्न गर्न, नयाँ बन्ने परियोजना सुचारु गर्न भोगिआएका समस्या सुल्झाउन नेपाल विद्युत् प्राधिकरणसँग माग राखेको छ। इप्पानले लामो समयदेखि उठाउँदै आएको जलविद्युत् आयोजनाको विद्युत् उत्पादन तालिकाको म्याद थप्नेदेखि कन्टिन्जेन्सीको व्यवस्था खारेज गर्नेसम्मका ११ वटा माग सुनुवाइ हुनुपर्ने बताएको छ। साथै, उसले बिनासर्त २८ हजार ५०० मेगावाटको लक्ष्य हासिल गर्न पालो कुरिरहेका जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता खुलाउनुपर्ने, १० मेगावाटसम्मका आयोजनाको पीपीए यथाशीघ्र सुचारु गर्नुपर्ने र प्राधिकरणले ५ हजार मेगावाटको लागि पीपीए खुला गर्दा राखेका सर्तहरू हटाउनुपर्ने माग पनि राखेको छ।*

*यसका साथै, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, प्रसारणलाइनका कारण आयोजनामा पर्ने असरको सम्बोधन गर्नुपर्ने, टेक एण्ड पे प्रावधानको पीपीए खारेज हुनुपर्ने, पोस्टेड रेट उपलब्ध गराउनुपर्ने, इनर्जी टेबल परिमार्जन गर्न दिनुपर्ने, एक्सेस इनर्जीको व्यवस्थापन गर्नुपर्ने, प्रसारणलाइनको चुहावट न्यूनीकरण गर्नुपर्ने र जलविद्युत्बारे विद्युत् प्राधिकरणको आधिकारिक धारणा स्पष्टता दिनुपर्ने लगायतका माग इप्पानको छ। नेपालको आर्थिक उन्नतीको एक आधार नै जलविद्युत् हो भन्ने निश्चय गरेर सरकारले यसमा धेरै लगानी गरेको छ भने वैदेशिक र आन्तरिक लगानीलाई पनि प्रवर्द्धन गर्दै आएको हो। जलविद्युत् उत्पादन गर्ने ऊर्जा क्षेत्र महत्त्वपूर्ण आर्थिक क्षेत्रका रूपमा स्थापित भइसकेको छ। तर विद्युत् उत्पादकहरूले हामीलाई समस्या पऱ्यो भनेर आवाज उठाउँदा सो समस्याको समाधान गर्नुपर्ने दायित्व सरकारको हो। इप्पानका जायज मागलाई सम्बोधन गर्नुपर्ने कुरामा दुई मत छैन।९८ प्रतिशत जनसंख्या विद्युत्को पहुँचमा रहे पनि निर्वाध प्रवाहको समस्या अझै छ। आपूर्तिको गुणस्तर कमजोर, पूर्वाधारमा अपर्याप्त लगानी यो क्षेत्रले भोग्दै आएको समस्या हो। विशेषतः ग्रामीण तथा दुर्गम क्षेत्रमा बिजुलीको भरपर्दो र गुणस्तरीय प्रवाह गर्नुपर्ने देखिन्छ। विद्युत् नियामक आयोगको स्वायत्तता बढाउनुपर्ने कुरा धेरै पहिलादेखि उठिआएको माग हो। अहिले इप्पानको माग पनि विद्यमान समस्याको उजागर गर्ने आधार बनेको छ। अहिले जलविद्युत्को उत्पादनमा लगानी बढिरहेका बेला जलवायु परिवर्तनका असरले हिमनदीको भविष्य के होला भन्ने चिन्ता थपिँदै गएको छ। अर्कोतिर, विद्युत् उत्पादन बढ्ने आशामा विद्युत् खपत र निर्यात बढाइँदैछ।*

*कुलेखानीजस्ता आयोजना थप्ने र भएकालाई सदुपयोग गर्नुका साथै इप्पानले अगाडि सारेका मागको उचित सम्बोधन गर्नुपर्छ। प्राविधिक, संस्थागत र नीतिगत चुनौतीहरूलाई सम्बोधन गरेर, नेपालले आफ्नो विशाल क्षमतालाई उपयोग गर्न, आफ्नो अर्थतन्त्रलाई बढावा दिन र क्षेत्रीय ऊर्जा सुरक्षा र दिगोपनमा योगदान पुऱ्याउन सक्छ। यसमा ढिलाई गर्नु भनेको फेरि हामी अन्धकारको पश्चगामी यात्रामा लाग्नु हो, बेलैमा सचेत बनौं।*

## मौसम परिवर्तन

# चुप लागेर बस्ने बेला छैन



news 24 दैनिक

**मधुकर उपाध्याय**



**पानी अभावको समस्या तराईका ८ जिल्लाको मात्र होइन, पूरै क्षेत्रको हो। पहाडमा पनि पानीको समस्या छ। पाँचथर, तेह्रथुमका मान्छे पानी नभएर बसाइँ सरेका छन्। त्यसैले अब सबैतिरको समस्यालाई हेर्न फराकिलो दृष्टिकोण अपनाउनुपर्ने देखिन्छ। हाम्रो विज्ञता, क्षमतालाई संगठित गर्दै हाम्रो दक्षता बढाउँदै जानुपर्छ। हामी ठूलो संकटको नजिक पुग्दैछौं, अब हामी होसियार हुनुपर्ने दिन आइसक्यो।**

मधेश प्रदेशको खडेरी समाचारको विषय बन्यो। प्रधानमन्त्री पनि हेलीकोप्टर चढेर जानुभयो। पाँचसय वटा डीप बोरिङ गर्ने निर्देशन दिनुभयो। तर, त्यतिले मात्र समस्याको समाधान हुनेवाला छैन। अहिले देखिएको यो समस्या भनेको ठूलो समस्याको संकेत मात्र हो। त्यसकारणले यसको दीर्घकालनी समाधान खोज्नुपर्दछ।

तर, यसभन्दा अघि केही कुराहरू नियाल्नुपर्ने हुन्छ। मधेशमा यसैपनि ठूला नदी छैनन्। पूर्वको कोशी र पश्चिमको गण्डकीको बीच भागमा मधेश छ, जहाँ ठूला नदी छैनन्। त्यहाँ भएका कमला, बागमतीजस्ता साना नदी चुरेबाट निस्कन्छन्। त्यसको अर्थ, त्यस क्षेत्रमा धर्ती बन्दाखेरीकै अवस्थाले खोला बनाएको छैन। अनि त्यही ठाउँमा अहिले पानीको सतह धेरै तल गएको छ। तर, नेपालको तराईको त्यो खण्डबाहेक पश्चिम वा पूर्वमा पानीको सहत त्यहाँको जस्तै तल नगएको हुन सक्छ। सिराहा, धनुषामा पानी पुनर्भरण कम हुन्छ। शायद त्यही भएर हाम्रा पितापूर्खाले त्यो ठाउँमा सागर नामकरण गरेका ठूला-ठूला पोखरी बनाए। पूर्खाहरूले त्यत्रा-त्यत्रा पोखरी बनाउनुको कारण पानीको अभाव हुने भएर पानी जोगाउने उपाय अपनाएका हुन्।

तराईमा मात्र होइन, पहाडमा पनि पुर्खाहरूले पोखरी बनाउने परम्पराले वर्षाको पानीलाई व्यवस्थित गरेर हिउँदका लागि जोगाएका हुन्। तर, हाम्रो विकासे गतिमा ती पुर्ख्यौली ज्ञान छिन्नभिन्न पारिए। पानीको अभाव भएको ठाउँमा प्राविधिक सहयोगले परको पानी वर ल्याउने काम भयो। पानी ल्याउन पाइप बिच्छ्याउने काम भयो, कुलो खन्ने काम भए। कुलो खन्ने त प्राचीन अभ्यास हो, कुलो खनेर पानी ल्याएर पोखरी बनाउने काम विगतमा पनि हुन्थ्यो। तर पछिल्ला दिनमा हाम्रा पुराना दिगो ज्ञान ओझेलमा परे। पहाडमा पाइपले घरमा पानी ल्याएपछि पोखरीको महत्त्व भएन। पोखरी पुरिएर गयो, नासिएर गयो। तराईमा पनि भूमिगत सिँचाइले पानी आयो। ट्याङ्कीमा राखेर वितरण गर्न थालिएपछि पोखरीको खासै महत्त्व भएन। पुर्खाले वर्षौंको अनुभवबाट आर्जन गरेको ज्ञानप्रति हाम्रो ध्यान कम भयो। नासिने कुरा नासिँदै गयो, त्यसको महत्त्व भएन।

अहिले जलवायुको कुरा, पानीको चाप, वर्षातको चरित्रमा आएको परिवर्तन लगायतका यावत् कुराले तराईमा पानी रिचार्ज कम भएको हुन सक्छ। तर, बृहत् रूपमा हेर्दा, यो नेपालको मात्र समस्या होइन। सबै महादेशको जमिनमा भएको पानीको मात्रा घटेको छ। त्यसैले, हामी ठूलो संकटका अगाडि छौं। संकटकालीन क्षेत्र घोषणा गरेर मात्र पुग्दैन। न त डीप बोरिङले दीर्घकालीन समस्या समाधान हुन्छ। डीप बोरिङ गर्दा पनि जमिनमुनिको पानी घट्ने नै हो। तर, अब जमिनमुनिको पानी घट्न नदिन के गर्ने, जमिनमुनि पानी पुनर्भरण गर्न के गर्ने भन्नेतर्फ तीव्र रूपमा काम हुनुपर्छ।

हामीले के देख्दै आएका छौं भने वर्षा पनि पहिला जस्तो छैन। ह्वार्र पानी पर्ने अनि हराउने हुन थालेको छ। मौसम विभागले पानी नाप्दा पानीको मात्रा त राम्रै देखिन्छ। जति मिलिमिटर आउला भन्ने अनुमान गरिएको थियो त्यति नै आउँछ। तर, एक दिन भरीमा आउनुपर्ने पानी दुई घण्टामा आएको हुन्छ। त्यसकारण, अब त्यो बेला नै पानीलाई समाइहाल्नुपऱ्यो। पानीलाई समाएर राख्ने भनेको त जमिनमै हो। अब त्यस्तो जमिन खोज्नु पऱ्यो जहाँ पानीलाई माटोको सहतमुनि पठाउन सकियोस्। तराईमा त्यो क्षेत्र भनेको भावर हो। भावरमा जति पानी हाले पनि जमिनमुनि जान्छ। त्यसकारण, प्राकृतिक हिसाबले रिचार्ज गर्ने ठाउँ भावर हो।

यो काम एउटा दुईवटा योजना र परियोजना बनाएर एक दुई वर्ष गर्ने काम होइन। यसलाई त जहिँतहिँको समुदायले गर्नुपर्छ। समुदाय भनेको तपाईं हामी सबै हौं। विगतमा हामी ठान्थ्यौं, गहिरो पाइप गाडेपछि पानी त आइहाल्छ नि। तर, त्यो त होइन रहेछ भन्ने कुरा तराईको उदाहरणले हामीलाई प्रष्ट पार्यो।

फेरि पानी अभावको कुरा तराईको ८ जिल्लाको मात्र समस्या होइन। त्यो पूरै क्षेत्रको कुरा हो। अर्कोतिर पहाडमा पनि पानीको समस्या छ। पाँचथर, तेह्रथुमका मान्छे पानी नभएर बसाइँ सरेका छन्। त्यसैले, अब राज्यले सबतिरको समस्यालाई हेर्नु फराकिलो दृष्टिकोण अपनाउनुपऱ्यो। मनसुन उत्तर सर्दै गइरहेको छ। पानी ह्वार्रह्वार्र पर्न थालेको छ। पोहोरभन्दा यस वर्ष विचित्र भएको छ। अर्को वर्ष झन् विचित्रको होला। यसको चरित्र कस्तो हुन्छ, भन्न सकिन्न। हरेक वर्ष त्रसित हुने मौसमी परिवर्तनले आफ्नो प्रभाव देखाउन थालिसकेको छ। त्यसलाई मध्यनजर गर्दै अब दीर्घकालीन योजनाहरू बन्नुपर्छ।

यसको लागि शिक्षामा पानीको व्यवस्थापनलाई बढावा दिनुपऱ्यो। पानीको संरक्षण, पानीको पुनर्भरण, वर्खे भलको व्यवस्थापनका विषयलाई शिक्षाको मूलप्रवाहीकरणमा जोड्नु पऱ्यो। त्यसो गर्दा अबको पाँच/सात वर्षमा त्यस्तो जमात तयार हुन्छ, जो कोही राजनीतिकमा जाला, कोही कोही जागिरे होला, कोही अन्य क्षेत्रमा जाला। अनि तिनले नीतिगत काम गर्दा, योजना परियोजनाको काम गर्दा तिनलाई पानीको विषयमा पढाइरहनु पर्दैन। त्यसैले, आजदेखि पानीको विषयलाई शिक्षाको मूलप्रवाहीकरणमा लाँदा समाजलाई हाँक्ने जमात तयार भइरहँदा यो समस्यालाई समाधान गर्न केही जमात पनि तयार हुँदै जान्छ।

हामीले कत्तिको याद गर्यौं कुन्नी, वितेको तीनवटा हिउँदमा पानी परेन। कर्णालीसम्म अलिअलि पानी आयो यता आएन। कर्णालीको पश्चिमामा पानी आयो। कर्णालीभन्दा पूर्वमा भने पानी आउन सकेन। त्यो तीन वर्षको सुक्खाले प्रभाव त पारेको छ। हिमालमा हिंउ जम्ने भनेको हिउँदे पानीले हो। तर, गत तीन वर्ष हिउँ जम्न सकेन। वर्षामा ८० प्रतिशत, हिउँदमा २० प्रतिशत पानी पर्छ भन्ने मानिन्छ। हिउँदको त्यो २० प्रतिशत पानी हाम्रो जनजिब्रोको भाषामा अमृत बराबरको पानी हो।

माघे झरी पर्यो भने सहकाल आउँछ भन्ने त हाम्रो परम्परा नै छ। त्यो भनेको हिउँको पानी महत्त्वपूर्ण छ भनिएको हो। त्यो पानीले गाउँठाउँमा घाँस पलाउँछ, खेतीपाती सहज बनाउँछ। तर, ती तीन वर्ष हिउँदे वर्षा नभएको बारे कतै संवाद, अन्तरक्रिया भएको थाहा पाइएको छैन। यो विषयमा कोही गम्भीर छैन भन्ने देखियो।

नीतिगत तहमा बसेका मान्छे के भन्छन् भने कहीँ पानी भएन भने पाइप जोडेर पानी ल्याउने हो। जसरी मेलम्चीमा ल्याइरहेका छौं। जब पानी पर्ने कुरा नै गडबड भइसकेको छ भने भएको पानीलाई जोगाउनतर्फ सोच्नुपरेन ? भएको परिवर्तनलाई आत्मसात् गर्नुपरेन ? धेरै अगाडिदेखि बर्दियादेखि कैलालीसम्म भूमिगत पानी सुक्दै गएर बर्दियाको जंगलभित्र जनावरको लागि पोखरी बनाउनुपर्ने अवस्था आएको थियो। हिजो हामीले के भन्दै आएका थियौं भने जंगल भएपछि पानी हुन्छ। तर, बर्दियाको जंगलभित्रै पानी सुक्यो। अनि जंगलभित्र वन्यजन्तुका लागि पानी ख्वाउन पोखरी खन्नुपर्ने भयो। त्यसले के संकेत गरेको हो भने पानीको अवस्था डरलाग्दो हुँदै गएको छ।

पहाडतिर पनि पानी सुकेको छ, हामीले पाँचथरको कुरा गर्यौं। पहाडतिर सबैतिर मूल सुकेको छ, कहाँको सुकेको छ भनेर हेर्यौं भने अलि लेकतिर धेरै सुकेको होला, बीचको भागमा अलि कम सुक्यो होला, त्यो भनेको मध्यपहाडी क्षेत्र हो। खोला सुकेको भनेको बेंसीमा पनि सुकेको रहेछ, पाँचखालमा पनि सुकेको रहेछ। मातातीर्थको खोलाहरू सुकेको छ।

विकासे परिपाटीले केही बिग्रेको कुरा सही हो, तर सबै कुराको कारक त्यो मात्रै होइन। विगतमा वन विनासले पानी सुक्यो भनिन्थ्यो, जुन कुरालाई मैले सधैं अस्वीकार गरेको छु। तर, मूल हामी कहाँ मात्र होइन, वन राम्रो बनाएको देश भुटानमा पनि सुकेको छ। त्यो देश जसको हावापानी, भूगोल हामीसँग मिल्छ, त्यहाँ त डोजरे विकास छैन। जंगल पनि प्रशस्त भएको त्यहाँ कसरी मूल किन सुक्यो त ?

अब हामीले कसरी सोच्नुपर्छ भने हामीले सोचेभन्दा विपरीत रूपमा कुराहरू विकसित हुँदै गइरहेका छन्। यदि, त्यसो हो भने त्यसको निराकरणको उपाय अपनाउनतिर लाग्नुपर्यो। जुन हिसाबले परिवर्तन भइरहेको छ, त्यसलाई सामना गर्न हाम्रो सिकाइ, बुझाइ, गराइमा चुस्तता देखिएन। विश्वव्यापी रुपमा हावापानीमा जुन परिवर्तन आएको छ, त्यसको प्रभाव द्रुत गतिमा बढ्ने देखिएको छ। त्यसलाई सामना गर्न हामीले विज्ञानलाई समाउनु पर्यो, हाम्रो वातावरणको कुराहरू बुझ्नुपर्यो। हाम्रो परिवेशलाई बुझ्नुपर्यो, र जुन पानी आउँछ, त्यसलाई समाइहाल्नुपर्यो। निराकणको लागि अहिले नै यही गर्ने भनेर अहिले नै भन्न सकिने अवस्था छैन। तर, यो प्रश्नका जवाफ राष्ट्रले खोज्नुपर्छ, अझ भन्दा ढिला नगरीकन खोज्नुपर्छ।

पाँचथरमा पानी सुक्दा त्यो परिवारलाई दमकमा आउने बाटो थियो। तेह्रथुमको मान्छे सरेर सप्तरी आउन सक्थ्यो। तराईमै सुक्यो भने कहाँ जाने ? गत वर्ष धान रोपेपछि धान सुक्दा मान्छेहरू भारतमा बसाइँ सरेका थिए। कति जना सर्ने अब ? यस्तो हुँदै गयो भने विकल्प के त ? त्यसका लागि के गर्ने भनेर गम्भीर रूपमा सोच्नुपर्छ। समिति बनाएर, देखाउनको लागि यो गरेर, त्यो गरेर हुँदैन।

विदेशी सहयोग आउला, दातृ निकाय गुहारौंला भनेर बस्ने होइन। सहयोग आउँछ भने ठिकै छ। यदि, आएन भने त हामी त समस्यामा पर्छौं, त्यसैले हाम्रो विज्ञता, हाम्रो क्षमतालाई संगठित गरेर, हाम्रो क्षमता बढाउँदै जानुपर्छ। हामी होसियार हुनुपर्ने स्थितिमा पुगिसकेका छौं।

## जेन कथा

# ए, यस्तो पो !

जेन गुरु हाकुइन जुन गाउँमा बस्थे, त्यहाँका मानिसहरू उनलाई महान् गुणहरूका कारण देउताभन्दा बढी मान्थे र पूजा गर्थे। उनको कुटीनजिकै एउटा परिवार बस्थ्यो। तिनकी एउटी सुन्दर जवान छोरी पनि थिई। एक दिन त्यो परिवारलाई उनकी जवान छोरी गर्भवती भइछ भन्ने चाल भयो।

युवतीका बाउआमा ज्यादै रिसाए। उनीहरूले कसको पेट बोकिस् ए केटी भनी हपार्नुसम्म हपारे। बाउआमालाई ज्यादै दबाब दिएपछि हडबडीमा उसले छेउकै हइकुन गुरुको नाउँ पोलिदिई। युवतीका बाउआमा जेन गुरुको चाल देखेर ज्यादै रिसले आँखासम्म देखेनन्। उनीहरू हाइकुन गुरुकहाँ गए र मुखमा आए जति गाली गरेर आफ्नी छोरीको इज्जतको हुर्मत लिने भनी मनलाग्दी गाली गरे। जवाफमा हाइकुन गुरुले यति मात्र भने, 'ए, त्यस्तो पो भएछ!' गाउँभरि हल्ला चल्यो, हाइकुनले एउटी युवतीसँग संसर्ग गरी बच्चासमेत हुन लाग्यो रे! युवतीले हाइकुनको बेइज्जती देखी। उसलाई ठूलो पीडा भयो। बच्चा जन्मिएपछि त गाउँभरिमा हाइकुन हिँडेपिच्छे गाउँलेले थुक्न थाले। बच्चालाई हाइकुनकै कुटीछेउ छाडिदिए। हाइकुनले कहिल्यै पनि मानिसहरूको भनाइ सुनेनन्। उनले भर्खरै जन्मिएको बालकलाई राम्रोसँग पाल्न थाले। हाइकुन बरु आफ्नो खाने कुराको चिन्ता गर्दैनथे तर बच्चा कतै भोको नरहोस् भनी कतै न कतैबाट दूध ल्याउने गर्दथे।

बच्चाकी आमाले यो सबै देखिरहेकी थिई। वर्ष दिन बित्यो। एक दिन बच्चाको रुवाइ सुनेर युवतीको हृदयमा उकुसमुकुस भएर आयो। युवतीले गाउँका मानिस र आफ्ना आमाबुवालाई आफ्नो सन्तानको बाउ को हो भनी सत्यसत्य बताइदिई। आफ्नै खेतमा काम गर्ने नोकरबाट जन्मिएको सन्तान रहेछ भन्ने पछि थाहा भयो। युवतीका आमाबुवा र अन्य मानिसहरू यत्रो वर्ष हाइकुन गुरुलाई थुकेको र अपहेलित गरेकामा लज्जित थिए। उनीहरूले हाइकुनसँग माफी माग्दै आफ्नो सन्तान फिर्ता मागे। हाइकुनले प्रतिक्रियामा यति मात्र भने, 'ए यस्तो पो!'

*–अच्युत कोइराला*

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा**
**artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

## पाठक-मञ्च

# हात्ती दिवसको सान्दर्भिकता



२०२४ अगस्ट १२ मा मनाइएको हात्ती दिवसदेखि आजसम्म नेपालमा १२ वटा जंगली हात्ती मरेका छन्। देशमा करिब २००-२५० हात्तीमात्र हुँदा प्रत्येक महिनामा एकको दरले मृत्यु हुनुले निकट भविष्यमै लोपको खतरा देखिन्छ। यो केवल वन्यजन्तुको मात्र नभई जैविक विविधता र सांस्कृतिक सम्पदाको पनि क्षति हो। कुनै बेला झापाको बाहुनडाँगीमा अत्याशलाग्दो गरी आक्रमणका घटना हुने गरेका थिए। नेपालको झापा आउने हात्ती पश्चिम बंगालबाट पुराना बाटो पछ्याउँदै आउँछन्। नेपालमा सीमित संख्यामा पाइने हात्तीमध्ये केही पश्चिम बंगालबाट ओहोरदोहोर गर्छन्। तर, स्थानीयको व्यवहार परिवर्तन, क्षतिपूर्तिको व्यवस्था तथा हात्तीलाई मन नपर्ने बालीहरू सुपारी, मरिच, तेजपात, तरुल, तोरी लागउँदा अवस्था धेरैहदमा सुधारिएको छ। अल्पकालीन रूपमा, सचेतना कार्यक्रम, साइरन वा संकेत बत्ती, बीमा प्रणालीसहित क्षतिपूर्ति सुविधा, तथा हात्ती सूचना केन्द्र आवश्यक देखिन्छ।

वैज्ञानिक अध्ययनअनुसार हात्तीले मानिसलाई मार्न खोज्दैन, तर खतरा महसुस गर्दा आक्रमण गर्छ। गत ६-७ दशकमा एशियामा हात्तीको संख्या ५० प्रतिशत घटेको छ, यसको मुख्य कारण जंगल विनाश हो। हात्ती हिँड्ने बाटोमा अतिक्रमण र बस्ती विस्तारले खेतीपाती विनाश हुन्छ। यसलाई रोक्न वनजंगल सुरक्षित राखी बस्तीलाई एकीकृत गर्नुपर्छ। हात्ती आए पनि खेद्ने नभइ जगेर्ना, सुरक्षा र बारबन्देज गर्नुपर्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले घाँसेमैदान र पोखरी मर्मत, पोषिला घाँस उत्पादन, तारबार, बाली विविधीकरण, जनचेतना अभिवृद्धि, सूचना प्रवाह, चोरी-शिकार रोकथाम, तथा पालिकासँग सहकार्य गरी बासस्थान व्यवस्थापनको कामलाई तीव्र बनाउनुपर्छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सरकारका तीनै तह, निकाय र समुदायको सहकार्य अपरिहार्य छ। प्रकृतिको संरक्षणबिना हाम्रो जीवन सम्भव छैन, त्यसैले वनजंगल जोगाउनुपर्छ। नत्र, संरक्षणकर्मी डा. बाबुराम लामिछानेले भनेजस्तै, 'नेपालमा हात्ती त हुनेछन्, तर ती हजारको नोटमा मात्र।'

*पृथु हमाल, झापा।*

# यदुनाथको योगदान




प्राध्यापक यदुनाथ खनाल (वि.सं. १९७०-२०६१) नेपालको परराष्ट्र नीति निर्माण र कार्यान्वयनमा महत्त्वपूर्ण व्यक्ति हुन्। उनले प्रधानमन्त्री बी.पी. कोइराला र राजा महेन्द्रका वरिष्ठ सहयोगीका रूपमा काम गरेका थिए भने परराष्ट्र सचिव र भारत, चीन, अमेरिका जस्ता देशका राजदूतको जिम्मेवारी पनि निर्वाह गरे। उनी एक उच्च कोटीका समालोचक पनि थिए।

कूटनीतिमा गहिरो अध्ययन र व्यवहारिक सीप भएका उनले भारतसँगको असमझदारीको समाधान खोज्न प्रभावकारी काम गरेका थिए। खासगरी, उनको पहलमा राजा महेन्द्रको समयमा नेपालका उत्तरी नाकामा तैनाथ भारतीय चेकपोष्ट हटाउने काम भएको थियो। एक कुटनीतिकका रूपमा भारत, अमेरिका र चीनमा खटिँदा उनले महत्वपूर्ण अनुभव बटुले। चीनमा देङ सियाओ पिङको नेतृत्वमा भइरहेको आर्थिक सुधारको सुरुआतकालमा उनले नेपाल-चीन सम्बन्धलाई सुदृढ बनाउन भूमिका निर्वाह गरे।

खनाललाई सोभियत संघले राष्ट्रसंघको महासचिव पदका लागि प्रस्ताव राखेको अवस्थामा उनले शक्तिराष्ट्रबीचको सन्तुलनका कारण त्यसलाई अस्वीकार गरे। विश्वेश्वरप्रसाद कोइरालाले यदुनाथ खनाललाई आफ्नो निकट सहयोगीका रूपमा लिएका थिए। यदुनाथ खनालले प्रजातन्त्रलाई के के कुराले खतरा हुनसक्छ भन्ने कुराको गम्भीर विश्लेषण गरेका थिए, जुन आज पनि त्यत्तिकै सान्दिर्भिक छ। उनको क्षमता प्रधानमन्त्री कोइरालाले अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने भाषणहरूमा पनि झल्किएको थियो। उनले संयुक्त राष्ट्रसंघमा साना राष्ट्रहरूको भूमिका र अधिकारको महत्त्वलाई जोड दिन योगदान पुऱ्याएका थिए। निःशस्त्रीकरण र शान्ति सेनामा नेपालको संलग्नता उनको दूरदृष्टिको द्योतक हो। उनको भनाई थियो, 'कुनै पनि संस्था जनताको विश्वासबिना टिक्न सक्दैन।' प्रजातन्त्रको संरक्षण र विकासमा सर्तक रहनुपर्नेमा उनको जोड आज उनको स्मृति दिवसका दिनमा हामीले उनीबाट ग्रहण गर्नुपर्ने सन्देश हो।

*नवीनवन्धु थापा, स्याङ्जा।*


# ट्रम्प–पुटिन वार्ता र युरोपको बेचैनी

# शान्तिको नाममा पुनः युद्ध पन्पिँदै









**एजेन्सी, साउन २७**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीचको आकस्मिक शिखर वार्ता हुन लागेको खबरले युरोपेली देशहरूबीच खलबली मच्चिएको छ। हुन त युद्ध अन्त्यतर्फको कुनै पनि पहललाई स्वागत गर्न सकिन्छ, तर जब त्यस्तो पहल पारदर्शिताबिना, प्रभावित पक्षहरूको सहभागिताबिना, र अन्तर्राष्ट्रिय कानूनको उपहास गर्दै गरिन्छ - त्यसले शान्तिको नभई नयाँ युद्धको बीउ रोप्न सक्ने भन्दै विश्लेषकहरूले चिन्ता व्यक्त गरेका छन्।

यही सन्देहले गर्दा युरोपेली नेताहरू अहिले तनावमा छन्। यो वार्ता 'शान्ति' को नाममा युक्रेनमाथि एउटा अस्वीकार्य सम्झौता थोपर्न र युरोपलाई इतिहासको फूटनोट मा सीमित गर्न सक्ने भनी यूरोपेली नेताहरूले चिन्ता व्यक्त गरेका छन्।

**जबर्जस्ती समाधान अस्वीकार्यः ईयू**

शिखर वार्ताको खबर सार्वजनिक भएलगत्तै, २७ मध्ये २६ युरोपेली नेताहरूले हस्ताक्षर गरेको एक संयुक्त वक्तव्य सार्वजनिक गरियो। वक्तव्यमा भनिएको छ, 'युक्रेनी जनताले आफ्नो भविष्य निर्धारण गर्ने स्वतन्त्रता पाउनुपर्छ। अन्तर्राष्ट्रिय सीमाहरू बल प्रयोगद्वारा परिवर्तन गर्न खोजे स्वीकार्य हुने छैन।'

उता हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले भने वक्तव्यमा हस्ताक्षर गरेनन्। उनी यसमा असहमत हुने एकमात्र नेता बने। रुसप्रति झुकाव राख्ने ओर्बानले 'युरोपेली संघले बेन्चबाट निर्देशन नदिन' चेतावनी दिएका थिए।

अन्य युरोपेली नेताहरूको एक मुखले 'शान्तिको नाममा युक्रेनको भू-भाग साटासाट गर्न खोज्नु अन्यायपूर्ण, खतरनाक र ऐतिहासिक भूल हुने' बताएका छन्।

**अस्पष्ट ट्रम्प– 'केही फर्किनेछ, केही साटिनेछ'**

अमेरिकी राष्ट्रपति चुनाव नजिकिँदै गर्दा डोनाल्ड ट्रम्पले आफू शान्तिदूत बन्ने दाबी गरेका थिए। अहिले भने उनको अडान डगमगाएको छ। अलास्कामा हुने पुटिनसँगको सम्भावित वार्ता र सम्झौताबारे उनले भनेका छन्, 'दुवै पक्षको हितमा हुनेगरी केही फर्काउनेछौँ, केही साटिनेछ।'

तर के वास्तवमै 'दुवै पक्षको हित'मा यस्तो सम्झौता सम्भव छ ?

पुटिनले युद्धविरामका लागि डोनेत्स्क क्षेत्रका बाँकी युक्रेनी शहरहरू (स्लोभ्यान्स्क, क्रामाटोर्स्क, कोस्तान्तिनिभ्का) छाड्नुपर्ने माग राख्ने संकेत दिएका छन्। यो भनेको युक्रेनको मुख्य ठाउँहरू गुमाउनु हो भने भविष्यमा थप आक्रमणको ढोका खोल्नु हो।

उता ट्रम्पले सुझाव दिइसकेका छन्- क्रिमिया र डोनबास रुसले राखोस्, बदलामा अन्य क्षेत्रहरू फिर्ता गरोस्। यस्तो भूमि साटासाटको सोच युक्रेनी संविधान, सार्वभौमिकता र जनताको आकांक्षाविपरीत देखिन्छ।

**इतिहास दोहोरिने युरोपको डर**

युरोप इतिहासको कटु अनुभव बोकेको भू-भाग हो। सन् १९३८ को म्युनिख सम्झौतामा हिटलरलाई 'शान्तिका लागि' सडेटेनल्याण्ड सुम्पिएपछि चेकोस्लोभाकिया नै हडपिएको थियो। अहिले पनि युरोपेली नेताहरूको डर त्यही छ। कतै एउटा भू-भाग लिएर पुटिनले अर्को हडप्ने तयारीमै छन् कि !

रुसको वर्तमान माग यति अस्पष्ट र व्यापक छ कि शान्तिको नाममा गरिने कुनै पनि सम्झौता युक्रेनको असुरक्षा अझ बढ्ने केही विश्लेषकहरूको भनाइ छ।

अमेरिका र रुसबीचको वार्ताले युक्रेनको सार्वभौमिकता र युरोपको स्थायित्वलाई सम्मान गर्नेमा उनीहरू शंका व्यक्त गर्छन्।

**क्रिमिया, जापोरिजिया र खेरसनको भविष्य**

युद्ध अन्त्यका लागि पुटिनको के-के हुन् भन्नेबारे अझै पनि प्रस्ट छैन। उनले खेरसन र जापोरिजिया क्षेत्र पनि माग्ने सम्भावना छ। क्रिमिया त त्यसै पनि उनले औपचारिक रूपमै विलय गराइसकेका छन्। यस्तोमा उनको थप माग के हुने हो भन्ने चिन्ता कतिपय युरोपेली नेताहरूको छ।

उता युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पहिले नै आफ्नो देशको संविधानले आफ्ना भू-भाग त्याग्न अनुमति नदिने बताइसकेका छन्। यस हिसाबले कुनै पनि सम्झौता, जनमतसंग्रह र संसद्को अनुमोदनबिना अमेरिका र रुस बसेर गरेका सहमति वा सम्झौता वैध हुने छैन।

**ट्रम्पप्रति युरोपको विश्वास संकट**

यूरोपेली नेता ट्रम्पको भूमिकाप्रति सशंकित छन्। ट्रम्प प्रशासनले स्पष्ट रणनीति नदेखाउनु, दुविधा बढाउने वक्तव्य दिनु र युक्रेनमाथि दबाब सिर्जना गर्नु युरोपका लागि चिन्ताको विषय बनेको छ।

कार्नेगी एन्डोमेन्टकी विश्लेषक रिम मम्ताज लेख्छिन्, 'युरोपेलीहरू ट्रम्पको रोलरकोस्टरमा चढेका छन् - डरले चिच्याइरहेका छन्, तर झर्न पनि सकिरहेका छैनन्।'

जर्मन चान्सलर फ्रेडरिक मर्ज र पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कजस्ता नेताहरूले रुस र अमेरिका युरोप र युक्रेनको टाउकोमाथि क्षेत्रीय सम्झौता गर्न सक्दैनन् भनी टिप्पणी गरेका छन्। यस्ता निर्णय गर्दा अमेरिकाले सबै सरोकारवालासँग समन्वयमा गर्नुपर्ने उनीहरूको धारणा छ।

हंगेरीका प्रधानमन्त्री ओर्बानको भूमिका सधैं विवादास्पद रहँदै आएको छ। हालै ट्रम्पले सार्वजनिक रूपमा ओर्बानलाई सोधेका थिए, 'के युक्रेन जित्न सक्छ ?' जवाफमा 'कस्तो मूर्खतापूर्ण प्रश्न !' भनेर प्रतिक्रिया दिएका थिए।

यसले स्पष्ट गर्छ- ओर्बान अब रुसको संभावित जितप्रति विश्वस्त छन् र उनले युरोपमा रुस समर्थक आवाजको नेतृत्व गर्न थालेका छन्।

**शान्ति लाद्नुहुँदैन**

युरोपका लागि युक्रेनमाथिको युद्ध केवल क्षेत्रीय विवाद होइन, यो त युरोपको सुरक्षा, स्वतन्त्रता र नियममा आधारित विश्व व्यवस्थाको परीक्षा पनि हो।

शान्ति आवश्यक छ, तर त्यो शान्ति युक्रेनमाथि थोपिएको होइन कि बरु युक्रेनसँग मिलेर बनाइएको हुनुपर्छ। अमेरिका र रुसबीच हुने सहमति केवल दुई शक्तिको मात्र सम्झौता भएमा त्यसले दीर्घकालीन अस्थिरता निम्त्याउन सक्ने देखिन्छ। शान्तिका नाममा युक्रेनलाई न्यायबिना शान्तिको नाममा चुप लाग्न बाध्य पारिए भोलि अर्को मुलुक यस्तै अवस्थाको शिकार बन्ने चिन्ता युरोपेली मुलुकको छ।

# ७ करोड ४० लाख वर्ष पुरानो जीवाश्म फेला

**एजेन्सी, साउन २७**

मानव सभ्यता र विज्ञानको यात्रा निरन्तर नयाँ रहस्यहरू पत्ता लगाउँदै अघि बढिरहेको छ। यसै क्रममा वैज्ञानिकहरूले चिलीको प्याटागोनिया क्षेत्रमा डायनासोरको युगमा बाँचेको एक सानो, मुसाजस्तो देखिने स्तनपायीको जीवाश्म फेला पारेका छन्, जसले पृथ्वीको विकासक्रममा एक नयाँ अध्याय थपिदिएको छ।

'येउथेरियम प्रेसर' नाम दिइएको यो जीवाश्म करिब सात करोड ४० लाख वर्ष पुरानो हो। यो 'पहिलो क्रिटेसियस काल'को बताइएको छ। वैज्ञानिकहरूका अनुसार यसको तौल जम्मा ३०-४० ग्राम थियो (लगभग एउटा औंस) बराबर थियो। यति सानो आकारको भए पनि, यसको वैज्ञानिक मूल्य अत्यन्तै महत्वपूर्ण छ, किनकि यो गोन्डवाना महाद्वीपको हिस्सा मानिने दक्षिण अमेरिकी भू-भागमा हालसम्म भेटिएको सबैभन्दा सानो स्तनपायी हो।

चिली विश्वविद्यालय र मिलेनियम न्युक्लियस अनुसन्धान केन्द्रका प्रारम्भिक स्तनपायी विशेषज्ञ हान्स पुशेल नेतृत्वको टोलीले यो महत्त्वपूर्ण खोज गरेका हुन्। जीवाश्ममा एक दाँतसहितको बंगाराको टुक्रा र अन्य दुई दाँतका मुकुट तथा जराहरू फेला परेका छन्, जसको आधारमा यो जीवको संरचना र जीवनशैलीबारे अनुमान गरिएको छ।



अनुमानित सांकेतिक तस्बिर

यो अध्ययन 'प्रोसिडिंस अफ द रोयल सोसाइटी बी' नामक प्रतिष्ठित बेलायती वैज्ञानिक पत्रिकामा प्रकाशित भएको छ। वैज्ञानिकहरूले चिलीको म्यागालेन्स क्षेत्र, सान्टियागोबाट ३ हजार किलोमिटर दक्षिणमा अवस्थित रियो डे लास चिनस उपत्यकामा उक्त जीवाश्म फेला पारेका हुन्।

हेर्दा मुसाजस्तो यो जन्तु 'येउथेरियम प्रेसर' प्राचीन स्तनपायी थियो। यसले सम्भवतः प्लाटिपसजस्तै अण्डा दिन्थ्यो वा थैलीमा बच्चा बोक्ने कंगारु वा ओपोसमजस्तै जीव थियो भन्ने अनुमान गरिएको छ। यसको दाँतको बनावटले यो जीव कडा तरकारीहरू खाने वनस्पति-आधारित आहारमा निर्भर रहेको देखाउँछ।

क्रिटेसियस कालको अन्त्यतिर करिब ६ करोड ६० लाख वर्ष पहिले यो जीवले आफूसँगै अस्तित्वमा रहेका डायनासोरहरूसँगै बाँचिरहेको थियो। पृथ्वीमा घटेको ठूला विनाशकारी घटनासँगै, यो सानो जीव पनि एकाएक लोप भयो।

यी प्राचीन जीवाश्महरू पृथ्वीको इतिहास बुझ्नमात्र सघाउँदैनन्, अहिले देखिने जैविक विविधता कसरी विकसित भयो भन्ने कुरामा पनि महत्त्वपूर्ण सूचना दिने गर्छन्। 'येउथेरियम प्रेसर' को खोजले पृथ्वीको गर्भमा अझै थाहा नभएका अनेक कथाहरू बाँकी छन् र तिनलाई विज्ञानले क्रमशः उजागर गरिरहेको देखाउँछ।

## चीन-ब्राजिल सहकार्य

# ग्लोबल साउथका लागि 'आत्मनिर्भरता' को नयाँ मोडेल?

**एजेन्सी, साउन २७**

विश्व अर्थतन्त्र बहुध्रुवीयताको दिशामा अघि बढिरहेका बेला, चीन र ब्राजिलजस्ता उदीयमान शक्तिहरूले आफ्नो भूमिका फेरि परिभाषित गर्न थालेका छन्। यही सन्दर्भमा हालै सम्पन्न भएको राष्ट्रपति सी जिनपिङ र ब्राजिली समकक्षी लुइज इनासियो लुला दा सिल्भाबीचको टेलिफोन संवादले एक नयाँ सम्भावना ग्लोबल साउथका लागि आत्मनिर्भरताको मोडेल निर्माणको संकेत दिएको छ।

सी जिनपिङले यस संवादका क्रममा ब्राजिलसँग मिलेर विश्वव्यापी दक्षिण (अर्थात् विकासोन्मुख राष्ट्रहरू) का लागि एकता र आत्मनिर्भरता को उदाहरण प्रस्तुत गर्ने प्रतिबद्धता जनाएका छन्। उनले विशेषतः अमेरिकी संरक्षणवादी नीति र एकपक्षीय भन्सार शुल्कको आलोचना गर्दै, बहुपक्षीय व्यापार प्रणालीको समर्थनमा स्पष्ट सन्देश दिएका छन्। यो भनाइ, विगतमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अपनाएको भन्सार नीतिको सन्दर्भमा आएको हो, जसले विश्व व्यापारमा अस्थिरता सिर्जना गरेको थियो।

सिन्ह्वा समाचार एजेन्सीका अनुसार, सीले विश्वका सबै देशहरूले एकपक्षीयता र संरक्षणवादको कडा विरोध गर्नुपर्नेमा जोड दिएका छन्। यता, ब्राजिलको राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा एक घण्टा लामो फोनवार्तामा लुला र सीले युक्रेन युद्ध, जलवायु परिवर्तन, तथा बहुपक्षीय प्रणालीमा जी-२० र ब्रिक्सको भूमिका लगायतका विषयमा सहमति जनाएको उल्लेख छ।

दुई राष्ट्र प्रमुखबीच भएको यो संवाद सामान्य कूटनीतिक औपचारिकताभन्दा बढी अर्थ राख्दछ। स्वास्थ्य, ऊर्जा (तेल र ग्याँस), डिजिटल अर्थतन्त्र, तथा स्याटेलाइट प्रविधि जस्ता रणनीतिक क्षेत्रमा सहकार्य विस्तार गर्ने प्रतिबद्धता आउनु, चीन र ब्राजिल दुवै देशको दीर्घकालीन वैश्विक हैसियत सुदृढ गर्न चाहेको संकेत हो।

लुलाले यसअघि भारत र चीनका नेताहरूसँग अमेरिकी



कर नीतिविरुद्ध समन्वित प्रतिक्रिया दिने योजनाको संकेत दिएका थिए। त्यसैको निरन्तरता स्वरूप यो फोनवार्ता भएको हो भन्ने अनुमान सहजै गर्न सकिन्छ।

ग्लोबल साउथका देशहरू वर्षौंदेखि पश्चिम केन्द्रित आर्थिक संरचनाको विकल्प खोज्दै आएका छन्। यदि चीन-ब्राजिल सहकार्य वास्तवमै वैकल्पिक विकास मोडेलको उदाहरण बन्न सक्यो भने, यो केवल आर्थिक हिसाबले मात्र नभई राजनीतिक शक्ति सन्तुलनको दृष्टिले पनि ऐतिहासिक मोड बन्न सक्छ।

यद्यपि, यस्तो मोडेलको स्थायित्व र प्रभावकारिता नीतिगत स्पष्टता, पारदर्शिता, र समान हितमा आधारित साझेदारीमा निर्भर रहनेछ। के चीन र ब्राजिलले आत्मनिर्भरताको नयाँ विश्व उदाहरण दिन सक्छन् ? वा यो पनि अरू थुप्रै बहुपक्षीय घोषणाजस्तै कूटनीतिक भाषामा सीमित रहन्छ ? भन्ने कुरा आउने समयतले देखाउनेछ।

# चीन–अमेरिका व्यापार संघर्षमा अस्थायी विश्राम

## ९० दिनको म्याद थप

**एजेन्सी, साउन २७**

विश्व अर्थतन्त्रको दुई प्रमुख शक्तिहरू (अमेरिका र चीन) बीचको व्यापार युद्धले पछिल्ला वर्षहरूमा विश्वव्यापी बजारलाई बारम्बार तनावमा राखेको छ। यस्तै एक तनावपूर्ण मोडमा पुगेको बेलामा, दुवै देशले आपसी ट्यारिफ (आयात कर) युद्धमा अस्थायी विराम घोषणा गरेका छन्। पछिल्लो सहमति अनुसार, आयात कर नलगाउने सम्झौतालाई थप ९० दिनका लागि विस्तार गरिएको छ।

यो निर्णय हालको सहमतिमा भएको म्याद समाप्त हुनु अघि नै लिइएको हो, जसले सम्भावित आर्थिक झट्काबाट अन्तर्राष्ट्रिय बजारलाई राहत दिएको छ। बीबीसीका अनुसार, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार एक कार्यकारी आदेशमा हस्ताक्षर गरी मे महिनामा भएको कर सहमतिलाई निरन्तरता दिएका हुन्।

त्यस सहमति अनुसार, चीन र अमेरिकाले एकअर्काका सामानमा लागु गरेका उच्च करहरूलाई अस्थायीरूपमा स्थगन गरेका थिए। यदि, यो विस्तार गरिएको हुँदैन भने, अमेरिकी पक्षले मंगलबारदेखि उच्च दरका आयात करहरू पुनः लागु गर्ने चेतावनी दिएको थियो - जसले पुनः व्यापार युद्धलाई चर्काउन सक्थ्यो।

यद्यपि, पछिल्ला संकेतहरूले देखाउँछन् कि दुवै पक्ष तत्काल समाधानभन्दा दीर्घकालीन समझदारीको आधार तयार गर्न प्रयासरत छन्। चीनले यसअघि आपसी सहमति कायम राख्ने रुचि व्यक्त गरिसकेको थियो भने, अमेरिकी अधिकारीहरू ट्रम्पको अन्तिम स्वीकृतिको पर्खाइमा थिए।

ट्रेड वारको चरम अवस्था अप्रिल महिनामा देखिएको थियो, जब राष्ट्रपति ट्रम्पले विश्वभरका विभिन्न देशका वस्तुहरूमा आयात करको घोषणा गरेका थिए। त्यसपछि चीन पनि चुप लागेन - उसले अमेरिकी उत्पादनहरूमा समानुपातिक रूपमा कर वृद्धि गऱ्यो। जसका कारण विश्व बजार, लगानीकर्ता र आपूर्ति शृंखलामा अनिश्चितता थपिएको थियो।

मे महिनाको सम्झौता अनुसार, अमेरिका तर्फबाट आयात हुने चिनियाँ वस्तुमा ३० प्रतिशतसम्म अतिरिक्त आयात कर लागु गरिएको थियो, जबकि चीनले १० प्रतिशत नयाँ कर अमेरिकी वस्तुहरूमा लगाएको थियो। यद्यपि, पछिल्लो निर्णयले यी दरहरू थप बढ्नबाट रोकेको छ।

तर, यस्ता अस्थायी सहमतिहरू दीर्घकालीन समाधान होइनन्। ती केवल तनाव न्यूनीकरणका लागि लिएको अन्तरिम उपाय हुन्। जबसम्म दुवै मुलुकबीच व्यापक र पारदर्शी व्यापार सम्झौतामा स्पष्ट सहमति हुँदैन, तबसम्म वैश्विक आर्थिक स्थायित्व अस्थिर नै रहनेछ।

विश्वका अन्य मुलुकहरूले भने यसबाट सिक्ने पाठ छ। त्यो हो, अत्यधिक निर्भरता कुनै एक बजार वा मुलुकमा हुँदा, त्यसको नीति परिवर्तनले सिङ्गो अर्थतन्त्रलाई हल्लाउन सक्छ। त्यसैले व्यापार नीति, आर्थिक कूटनीति, र रणनीतिक स्वायत्तता आजको विश्वमा झनै महत्त्वपूर्ण विषय बनेका छन्।

## अध्ययन

# ७ हजार पाइला : स्वास्थ्य सुधारको सस्तो, सरल र वैज्ञानिक उपाय

स्वस्थ जीवनशैली अपनाउने क्रममा हामीमध्ये धेरैले दिनमा कम्तीमा १० हजार पाइला हिँड्नु पर्ने सोच राख्छौं। यो धारणा लामो समयदेखि प्रचलित छ र एक किसिमको स्वास्थ्य मानकका रूपमा स्थापित भएको छ। तर, पछिल्ला वैज्ञानिक अनुसन्धानहरूले देखाए अनुसार यति धेरै हिँड्न नसक्नेहरूका लागि पनि निराश हुनुपर्दैन। अध्ययनले भन्छ कि केवल ७ हजार पाइला हिँड्दा पनि हाम्रो स्वास्थ्यमा उल्लेखनीय सुधार आउन सक्छ।

१० हजार पाइलासम्बन्धी यो अवधारणा सन् १९६० को दशकतिर जापानबाट सुरु भएको हो। त्यतिबेला 'म्यानपो केई' नामक पेडोमिटर (पाइला गन्ने यन्त्र) प्रवर्द्धन गर्न एक कम्पनीले १० हजार पाइला हिँड्ने विचारलाई प्रचारको साधन बनायो। त्यसयता, यो लक्ष्य विश्वव्यापी रूपमा 'स्वस्थ जीवनशैलीको प्रतीक' बनेको छ। यद्यपि, यसको पछाडि कुनै गहिरो वैज्ञानिक आधार थिएन भन्ने आज पुष्टि भइरहेको छ।

यस सन्दर्भमा, अष्ट्रेलियाको सिड्नी विश्वविद्यालयकी प्रमुख अनुसन्धानकर्ता डा. मेलोडी डिङ र उनको टोलीले सन् २०१४ देखि २०२५ सम्म प्रकाशित भएका ५७ वटा अन्तर्राष्ट्रिय अध्ययनहरूको समग्र विश्लेषण गरे। ती अध्ययनहरूमा सयौं हजारौं स्वस्थ वयस्क सहभागी थिए, जसलाई अध्ययन सुरु हुँदा कुनै दीर्घ रोग थिएन। यस विस्तृत समीक्षाले यस्तो तथ्य प्रस्तुत गऱ्यो कि पुरानो धारणा चुनौतीमा पऱ्यो।

उक्त अनुसन्धानले देखाएको निष्कर्ष निकै प्रेरणादायी छ। दिनमा औसत ७ हजार पाइला हिँड्ने व्यक्तिहरूमा, कुनै पनि कारणले मृत्यु हुने जोखिम ४७ प्रतिशतले कम भएको पाइयो। मुटु रोग लाग्ने सम्भावना २५ प्रतिशतले घट्ने, मुटु रोगकै कारण मृत्यु हुने सम्भावना पुनः ४७ प्रतिशतले घट्ने, क्यान्सरबाट मृत्यु हुने जोखिम ३७ प्रतिशतले कम हुने र डिमेन्सिया (स्मृतिभ्रंश) हुने सम्भावना पनि ३८ प्रतिशतले घट्ने निष्कर्ष अनुसन्धानबाट निकालिएको द लान्सेन्ट पब्लिक हेल्थले जनाएको छ।



डा. डिङ भन्छिन्, 'हामी सबैलाई सकेसम्म बढी हिँड्न प्रेरित गर्न चाहन्छौं, तर सबैका लागि १० हजार पाइला हिँड्नु सम्भव नहुन सक्छ। त्यसैले, ७ हजार पाइला धेरैका लागि व्यवहारिक र सुलभ विकल्प हो।'

वास्तवमा, यस अध्ययनले हामीलाई जीवनशैलीका स-साना परिवर्तनमार्फत पनि ठूलो स्वास्थ्य लाभ लिन सकिन्छ भन्ने महत्वपूर्ण सन्देश दिन्छ। पैसा तिरेर जिम, विशेष उपकरण, वा अत्यधिक समयको खाँचो बिना नै हामी स्वस्थ रहन सक्छौं। केवल नियमित हिँडडुल र सक्रिय जीवनशैलीले पनि पर्याप्त फाइदा दिन सक्छ।

व्यवहारिक रूपमा, हाम्रो दैनिकीमा केही सरल बानीहरू अपनाउन सकिन्छ। जस्तै सवारीसाधनको सट्टा पैदल यात्रा, लिफ्टको सट्टा भऱ्याङ प्रयोग, कार्यालय वा घर वरिपरि हिँडडुल गर्ने, टेलिफोनमा कुरा गर्दा उभिएर वा हिँड्दै गर्नु, यी र यस्ता स-साना बानीहरूले दीर्घकालीन रूपमा तपाईंको स्वास्थ्यमा सकारात्मक असर पार्न सक्छन्।

अन्ततः स्वस्थ रहनका लागि ठूला र महँगा प्रयास गर्नु आवश्यक छैन। केवल ७ हजार पाइला हिड्नुहोस् र हरेक दिन अघिल्लो दिनभन्दा अलिकति बढी हिँड्नुहोस्। किनभने प्रत्येक पाइला तपाईंको स्वास्थ्यको लागि अमूल्य लगानी हो। त्यसैले आजैबाट स-साना कदम चाल्न सुरु गरौं, दीर्घकालीन स्वास्थ्य लाभ पाऔं।

# थप २०० मेगावाट विद्युत् किन्न भारत सहमत



news24

**काठमाडौं, साउन २७**

भारतले निजी क्षेत्रबाट निर्माण भएको थप २०० मेगावाट बिजुली किन्ने भएको छ। द्विपक्षीय सम्झौता बमोजिम निजी क्षेत्रबाट निर्माण भएका ६ वटा जलविद्युत् आयोजनालाई भारतले विद्युत् निर्यातको स्वीकृति दिएको हो। भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले नेपाल विद्युत् प्राधिकरणलाई ६ वटा जलविद्युत् आयोजनाको विद्युत् निर्यात गर्ने स्वीकृति प्रदान गरेको हो।

विद्युत् निर्यातको अनुमति पाउने आयोजनामा ८२ मेगावाटको तल्लो सोलु, ५५ मेगावाटको लिखु-२, ५१ मेगावाटको लिखु खोला 'ए' आयोजनालाई विद्युत् निर्यातको अनुमति दिएको प्राधिकरणले जनाएको छ। भारतले तल्लो सोलुको ८० मेगावाट, लिखु-२ को ५०.८९ मेगावाट र लिखु खोला 'ए' को २८.२ मेगावाट विद्युत् खरिद गर्ने भएको हो। यस्तै, २१.३ मेगावाटको ठूलो खोलाको २०.७ मेगावाट, १३.७ मेगावाटको सुपर काबेली खोला 'ए'को १३ मेगावाट र १२ मेगावाटको सुपर काबेली खोला आयोजनाको ६.८ मेगावाट विद्युत् भारतले किन्ने छ।

यससँगै अब नेपालबाट भारतमा विद्युत् निर्यात हुने आयोजनाको संख्या ३४ पुगेको छ। यी आयोजनाको जडित क्षमता ११ सय ४० मेगावाट छ। नेपालमा खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् हरेक वर्ष भारत निर्यात हुँदै आएको छ। भारतको इनर्जी एक्सचेञ्ज (आइएक्स)को रियल टाइम मार्केट, डे-अहेड बजारमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम हरियाणा राज्यलाई बिक्री हुँदै आएको छ।

विद्युत् प्राधिकरणले गत आर्थिक वर्षमा १७ अर्ब रुपैयाँ बढीको विद्युत् निर्यात गरी साढे ४ अर्ब रुपैयाँ नाफा आर्जन गरेको छ।

# 'नेप्से एआई' एपमार्फत ठगी

काठमाडौं (संवाददाता)- शेयरबजारको विश्लेषण गर्नको निम्ति मोबाइल एप 'नेप्से एआई' डाउनलोड गर्न लगाइ लाखौं रुपैयाँ ठगी भइरहेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले जनाएको छ। ब्यूरोले नक्कली एप प्रयोग गर्न लगाई उच्च नाफा कमाउन सकिने लोभ देखाएर ठगी गर्नेहरू सक्रिय रहेको जनाएको छ।

नेप्से एआई एप्स डाउनलोड गर्दा बैंक खाताबाट रकम गायब भएको उजुरी परेपछि सीआइबीले यस्तो गिरोह सक्रिय रहेको भन्दै सचेत रहन सर्वसाधारणलाई आग्रह गरेको हो। सामाजिक सञ्जाल फेसबुकमा देखिएको विज्ञापनबाट शेयरबजारको विश्लेषण गर्नको निम्ति नेप्से एआई एप्स डाउनलोड गरि इन्स्टल गरेको र त्यस लगत्तै मोबाइल स्क्रिन केही समय ब्ल्यांक भइ बैंक खातामा भएको २८ लाख ६१ हजार रुपैयाँ अन्य ट्रान्स्फर भएको उजुरी सीआइबीमा परेको थियो। यसरी ठगी गर्नेले मोबाइलमार्फत रकम ट्रान्सफर गरिसकेपछि सबै डेटा मेटाइ प्रमाण नष्ट गरिदिने काम गरेको पनि सीआइबीले जनाएको छ

सीआइबीले सूचना जारी गर्दै 'नेप्से एआई' नामक मोबाइल एपमा क्लिक, डाउनलोड र इन्स्टल नगर्न अनुरोध गरेको छ। सामाजिक सञ्जालमा उक्त एप डाउनलोड गर्न प्रेरित गर्दै शेयरबजारको विश्लेषणमार्फत बढी नाफा कमाउन सकिने भ्रामक प्रचार भइरहेकाले त्यस्तो एप प्रयोग नगर्न सीआइबीले आग्रह गरेको हो।

सीआइबीका एप डाउनलोड गराएपछि 'रिमोट सेसन' खोली मोबाइलमा पहुँच लिने र केही क्षणमै बैंक खातामा रहेको सम्पूर्ण रकम अन्यत्र स्थानान्तरण गरि ठगी भएको पाइएको छ। सीआइबीले यस्ता क्रियाकलापहरूबाट बच्न 'टु-फ्याक्टर अथेन्टिकेसन कोड' प्रयोग गर्ने, एसएमएस प्रयोग गर्ने, पासवर्ड बेलाबेलामा परिवर्तन गर्ने, अपरिचित एप्स प्रयोग नगर्ने, आधिकारिक श्रोतबाट मात्रै एपहरू डाउनलोड गरि इन्स्टल गर्ने काम गर्न पनि सुझाव दिएको छ।

# बीमा कम्पनीहरूले गरे दुई खर्ब २७ अर्बको व्यापार

news24

**काठमाडौं, साउन २७**

बीमा कम्पनीहरूले आर्थिक वर्ष २०८१/८२ मा दुई खर्ब २७ अर्ब १८ करोड ५९ लाख रुपैयाँको व्यापार गरेका छन्। नेपाल बीमा प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा १४.७६ प्रतिशत बढी व्यापार गरेका छन्। आर्थिक वर्ष २०८०/८१ मा बीमा कम्पनीहरूले एक खर्ब ९७ अर्ब ९६ करोड रुपैयाँ बराबर बीमाशुल्क संकलन गरेका थिए।

सञ्चालनमा रहेका १४ वटा जीवन बीमा कम्पनी र तीनवटा लघुजीवन बीमा कम्पनीहरूले कुल एक खर्ब ८२ अर्ब २७ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका छन्। १४ वटा जीवन बीमा कम्पनीहरूले एक करोड ४१ लाख दुई हजार ४८९ बीमालेखमार्फत एक खर्ब ८१ अर्ब ४३ करोड रुपैयाँ बराबर बीमा शुल्क संकलन गरेका छन्। यस्तै, तीनवटा लघुजीवन बीमा कम्पनीले १५ लाख २८ हजार ५१० बीमालेखमार्फत ८४ करोड ३४ रुपैयाँ बराबर बीमाशुल्क संकलन गरेका छन्।

जीवन बीमा कम्पनीहरूमध्ये नेपाल लाइफ इन्स्योरेन्स कम्पनी एक्लैले सबैभन्दा धेरै ४८ अर्ब तीन करोड ८० लाख रुपैयाँ बीमाशुल्क संकलन गरेको छ। त्यसपछि, नेशनल लाइफ इन्स्योरेन्सले २२ अर्ब ४२ करोड ४४ लाख रुपैयाँ संकलन गरेको छ। धेरै व्यापार गर्ने जीवन बीमा कम्पनीहरूमध्ये लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल)



तेस्रो स्थानमा छ। यो कम्पनीले १९ अर्ब ९२ करोड ५५ लाख रुपैयाँ बीमाशुल्क संकलन गरेको छ। हिमालयन लाइफ इन्स्योरेन्सले पनि १७ अर्ब ६६ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेको छ। सबैभन्दा कम बीमाशुल्क सन् नेपाल लाइफ इन्स्योरेन्सले पाँच अर्ब रुपैयाँ बीमाशुल्क संकलन गरेको छ।

यसैगरी, १४ वटा निर्जीवन बीमा कम्पनी र चारवटा लघुनिर्जीवन बीमा कम्पनीले कुल ४४ अर्ब ९१ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका छन्। १४ वटा निर्जीवन बीमा कम्पनीहरूले २८ लाख ६४ हजार ९४५ बीमालेखमार्फत ४३ अर्ब ९५ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका छन्। चारवटा निर्जीवन बीमा कम्पनीले पनि तीन लाख ७९ हजार ४३८ बीमालेखमार्फत ९५ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका छन्।

निर्जीवन बीमा कम्पनीहरूमध्ये सबैभन्दा धेरै शीअर इन्स्योरेन्सले पाँच अर्ब ७९ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेको छ। त्यसपछि सगरमाथा लुम्बिनी इन्स्योरेन्सले पाँच खर्ब रुपैयाँ बीमा शुल्क संकलन गरी धेरै व्यापार गर्ने कम्पनीहरूमध्ये दोस्रो नम्बरमा छ। सबैभन्दा कम नेशनल इन्स्योरेन्स कम्पनीले एक अर्ब छ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेको छ।

# 'लगानीमैत्री नीति नहुँदा निजी क्षेत्र समस्यामा'

**सरकारी तथ्यांक हेर्दा अहिले देशको अर्थतन्त्रका अधिकांश सूचकहरू सकारात्मक छन्। महँगी घट्दै गएको छ भने आर्थिक वृद्धिदरमा पनि क्रमशः सुधार भएको छ। बैंकिङ प्रणालीमा लगानी गर्न मिल्ने प्रसस्त पैसा छ। ब्याजदर घटेर न्यून विन्दुमा झरेको छ। तर, कर्जाको माग बढ्न सकेको छैन। उद्योगी व्यवसायीहरूले उपभोग बढ्न नसक्दा उत्पादन बढाउनेगरी लगानी गर्न नसकेको बताउँदै आएका छन्। उद्योग सञ्चालन गर्दा पर्याप्त विद्युत नपाउने, कच्चा पदार्थको अभाव र आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्दा ऋण लिएर थप लगानी गर्नु जोखिम भएको निजी क्षेत्रले बताउँदै आएको छ। उपभोग बढ्न नसकेकाले पनि उत्पादन बढाउन उद्योगीहरूले जोखिम मानिरहेका छन्। देशको औद्योगिक नगरी वीरगंजमा अवस्थित अधिकांश उद्योग उत्पादनमा आधारित छन्। तर, सीमा क्षेत्र नजिकै भएका कारण भारतीय बजारबाट हुने अवैध कारोबारदेखि घन्टौंसम्म विद्युत् कटौतीको मार खेपिरहेका छन्। जसले गर्दा ति उद्योगहरूले आफ्नो क्षमताअनुसार उत्पादन गर्न सकिरहेका छैनन्। अर्थतन्त्रका सूचकहरू ठिकठाक भएको अवस्थामा पनि निजी क्षेत्रले किन लगानी बढाउन सकिरहेको छैन, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष *हरि गौतम*सँग संवाददाता *धना ढकाल*ले गरेको संवाद।**



**हरि गौतम**
अध्यक्ष, उद्योग वाणिज्य संघ, वीरगंज

***वीरगंजबाट काठमाडौं कुन शिलशिलामा आउनु भएको हो ?***

वीरगंज उद्योग वाणिज्य संघले प्रतिभाशाली महिलालाई सम्मान गर्नेगरी वीरगंजमा आगामी भदौ १४ गते बृहत् नारी समृद्धि सम्मेलन आयोजना गर्दैछ। त्यसको प्रमुख अतिथि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई बनाउने तय भएको हुँदा उहाँलाई नै औपचारिक निमन्त्रणा दिन आएको हूँ। उहाँले पनि हाम्रो निमन्त्रणा स्वीकार गरी कार्यक्रममा प्रमुख अतिथिका रूपमा आउने प्रतिबद्धता जनाउनुभएको छ।

***अहिले वीरगंज क्षेत्रका उद्योगको अवस्था कस्तो छ ? कसरी चलिरहेका छन् ?***

अहिले वीरगंज क्षेत्रमा सञ्चालनमा रहेका उद्योगहरूको अवस्था राम्रो छैन। हाम्रा सबैजसो उद्योगहरू उत्पादनमूलक उद्योग हुन्। वीरगंजमा धेरै वटा सिमेन्ट उद्योग छन्। फलाम उद्योग र औषधि उद्योग छन्। पछिल्लो ३ वर्षदेखि वीरगंजका उत्पादनमुलक उद्योगहरूको अवस्था राम्रो छैन। यहाँका कुनै पनि उद्योग पूर्ण क्षमतामा चल्न पाएका छैनन्। अहिलेको अवस्थामा हाम्रा उद्योगहरू क्षमताको ३० देखि ३५ प्रतिशत हाराहारीमा मात्रै चलिरहेका छन्।

***के कारणले उद्योगहरू पूर्ण क्षमतामा चल्न सकेका छैनन् ?***

वीरगंजका उद्योगहरूलाई अनियमित विद्युत् आपूर्तिको ठूलो समस्या छ। वीरगंजका कुनै पनि उद्योगले नियमितरूपमा दिगो र गुणस्तरीय विद्युत् आपूर्ति पाउन सकेका छैनन्। कुन बेला बिजुली आउँछ, कुन बेला जान्छ, पत्तो हुँदैन। आपूर्ति भएको समयमा पनि नेपाल विद्युत् प्राधिकरणले दिगो र गुणस्तरी विद्युत् उद्योगहरूलाई दिँदैन। अर्को ठूलो समस्या स्थानीय सरकार उद्योग क्षेत्रका लागि सहयोगी छैन। राज्यको अस्थिर नीतिले समेत वीरगंजसहित देशैभरका उद्योगलाई धरासायी बनाएको छ। उधारो कारोबार बढी गर्नुपर्ने कारणले गर्दा बजारको अवस्था बिग्रँदा समेत उद्योगहरू अहिले समस्यामा छन्। व्यापारीले उद्योगहरूको उत्पादन उधारोमा लैजाने तर, समयमा भुक्तानी नगर्ने कारणले यसको प्रत्यक्ष मार उद्योगी व्यवसायीलाई परिरहेको छ।

***वीरगंजका उद्योगले विद्युत् कटौतीको मार खेपिरहेको कुरा गर्नुभयो ? खास समस्या के हो ?***

वीरगंजमा नेपाल विद्युत् प्राधिकरणको अव्यवस्थित आपूर्ति व्यवस्थापनका कारण उद्योगहरूले नियमित, दिगो र गुणस्तरीय विद्युत् पाउन सकेका छैनन्। यहाँका उद्योगहरूले अहिले ट्रिपिङसँगै लो भोल्टेज तथा जथाभावी विद्युत् काटिने समस्या भोग्नु परिरहेको छ। विद्युत् प्राधिकरणको नालायकी कमजोर व्यवस्थापनको शिकार वीरगंजका उद्योगहरू भएका छन्। दैनिक १२ पटकभन्दा बढी विद्युत् लाइन काटिन्छ। विद्युत् प्राधिकरणले वीरगंजका उद्योगहरूमा आपूर्ति हुनेगरी विद्युत् प्रवाह हुने उच्च क्षमताको प्रसारण लाइनको संरचना नबनाउँदाको परिणाम हामी उद्योगीहरूले भोगिरहेका छौं। वीरगंजसम्म पुग्ने २७५ मेगावाट विद्युत् प्रवाह हुने लाइन मात्रै छ तर विद्युत्को माग ५०० मेगावाट छ।

ढल्केबरमा पर्याप्यत विद्युत् छ, तर, वीरगंजसम्म विद्युत् पुऱ्याउन ढंगको प्रसारण लाइन छैन। त्यही ढल्केबरबाट १ हजार मेगावाट बढी विद्युत् भारतमा जान्छ। तर, देशभित्र सञ्चालनमा रहेका उद्योगहरूले माग अनुसारको विद्युत् आपूर्ति पाउन सकेका छैनन्। विद्युत् प्राधिकरणले वीरगंजका उद्योगहरूलाई गुणस्तरीय विद्युत् दिन प्रसारण लाइनका पूर्वाधार संरचना निर्माण गर्न लगानी नै गरेको छैन। उच्च क्षमताको प्रसारण लाइन हुने हो भने अहिले वीरगंजका उद्योगहरूमा तत्काल ५०० मेगावाटको विद्युत् माग छ। तर, आन्तरिक विद्युत् खपत बढाउन प्रसारण लाइनको संरचना बनाउनु पर्नेमा विद्युत् प्राधिकरणको ध्यान नै छैन।

***विद्युत् प्राधिकरण यो समस्याका बारेमा जानकार त होला नि ?***

विद्युत् प्राधिकरणलाई कमजोर प्रसारण संरचनाका कारण वीरगंजका उद्योगहरूले दिगो र गुणस्तरीय विद्युत् पाउन नसकेको कुराबारे पूर्ण जानकारी छ। तर,यसले विद्युत प्राधिकरणलाई केही फरक पर्नेवाला छैन। विद्युत् प्राधिकरणको काम विद्युत् बिक्री गर्ने हो, त्यो उसले गरिरहेकै छ। राजस्व संकलन गरिरहेकै छ। नेपालमा बिक्री नभएको विद्युत् भारत र बंगलादेशमा लगेर भए पनि बिक्री गरिरहेको छ। मारमा त हामी उद्योगी व्यवसायीहरू परेका छौं। यसको असर देशको अर्थतन्त्रमा परेको छ।

***उद्योगका समस्या समाधान गर्न वीरगंज उद्योग वाणिज्य संघले के-कस्ता पहलहरू गरिरहेको छ ?***

हामीले उद्योगी व्यवसायीले भोग्दै आएका सबै प्रकारका समस्याको समाधान गर्न सरकार समक्ष पहल गर्दै आइरहेका छौं। वीरगंजका उद्योगहरूको विद्युत् आपूर्तिको समस्या समाधानका लागि पनि धेरै पटक सरकारसँग आग्रह गरेका छौं। तर, हाम्रो पहलको सुनुवाइ आजसम्म भएको छैन। सरकार हाम्रो कुरा सुन्न तयार नै छैन। सरकार कानमा तेल हालेर बसेको छ। सरकारको गतिविधिलाई हेर्दा लाग्छ कि उसलाई उद्योग विकासको चिन्ता नै छैन।

हाम्रो देशमा अर्थनीति हाबी हुनुपर्नेमा राजनीति धेरै हाबी भयो। हाबी भएको राजनीति अस्थिर भयो। त्यो राजनीतिक अस्थिरताको प्रभाव आर्थिक क्षेत्रमा पर्न गयो। एउटा मन्त्री आउने नीति फेर्ने परम्पराले स्थिर नीति छैन, नियम छैन। सुशासन छैन, तर सबैतिर भ्रष्टाचार छ। स्थानीय सरकारहरू उद्योगमैत्री छैनन्। त्यहाँ टोले गुण्डा लगाएर गैर कानूनी कर उठाइन्छ। जसले गर्दा देशमा बसेर उद्योग धन्दा सञ्चालन गर्नु अपराध गर्नु जस्तो भएको छ। यस्तो हुनुहुँदैन थियो। किनभने अर्थतन्त्र मजबुत बनाउन उद्योगहरू चाहिन्छ।

***हाम्रा उद्योगहरू सधैं समस्याग्रस्त भएको भन्ने सुन्नमा आइरहन्छ। के कारणले उद्योगहरू दिगोरूपमा सञ्चालन हुन नसकेका हुन् ?***

स्थिर सरकारी नीति नभएका कारण यस्तो भइरहेको छ। सरकारले दिगो आर्थिक नीति बनाएर संसद्बाट पारित गरेर कार्यान्वयन गऱ्यो भने मात्रै केही हदसम्म समस्याको समाधान हुनसक्छ। जुन दलको सरकार आएपनि अर्थतन्त्रमा राजनीति हुनुहुँदैन भन्ने हाम्रो माग हो। २० वर्षको एउटा आर्थिक नीति संसद् बाट पास भएर लागु भयो भने जुन दलको सरकार आए पनि दीर्घकालीन नीतिबाट चल्ने हो भने देशमा आर्थिक विकास स्वतः हुन्छ। उद्योगीहरूले पनि उद्योग सञ्चालन गर्छन र सरकारलाई कर तिर्छन्। राजनीतिक दलले पनि उद्योगी व्यवसायीले तिरेको करले शासन गरुन।

देश आर्थिकरूपमा समृद्ध बन्न नसक्नुमा अर्को कारण भ्रष्टाचार हो। हरेक पाइला पाइलामा भ्रष्टाचार छ। भन्सारमा भ्रष्टाचार छ। यातायातमा भ्रष्टाचार छ। स्थानीय सरकारका निकायमा उस्तै भ्रष्ट्राचार छ। भ्रष्ट्राचार नभएको त कुनै ठाउँ नै छैन। उद्योगीले उद्योग स्थापना गर्नु भनेको अपराध गर्नुजस्तै भएको छ। त्यसैले बिग्रिएको हो।

***अहिले कुन प्रकारका उद्योगको अधिक सम्भावना देख्नुहुन्छ ?***

नेपालमा अहिलेको अवस्थामा सबैभन्दा बढी सम्भावना बोकेको जलस्रोत क्षेत्र हो। जलस्रोतमा पनि जलविद्युत् उत्पादन तथा व्यापारको ठूलो सम्भावना छ। त्यसपछिको सम्भावना बोकेको क्षेत्रमा पर्यटन पर्दछ। पर्यटनमा पनि होटल क्षेत्रको सम्भावना धेरै छ। तेस्रो नम्बरमा अर्को सम्भावनाको क्षेत्र आधुनिक र वैज्ञानिक कृषि हो। त्यसपछि मात्रै टेलिकम, इन्टरनेट जस्ता सेवामूलक क्षेत्र पर्दछन्।

***उद्योग व्यवसायीका लागि देशको बैंकिङ नीति कत्तिको लगानीमैत्री छ ?***

हाम्रो देशको केन्द्रीय बैंकको बैकिङ नीति अहिलेको अवस्थामा त्यति लगानीमैत्री छैन। बचत तथा निक्षेपमा ब्याजदर घटाउने बैकिङ नीतिकै कारण अहिले नागरिकसँग भएको चालू पुँजी विदेशतर्फ पलायन भइरहेको छ। कम ब्याजदर भएपछि कसैले बैंकमा पैसा राखिरहँदैन। भारतीय टिभी च्यानलहरूमा एक लाख रुपैयाँ एक वर्षसम्म बैंक खातामा राख्ने हो भने वार्षिकरूपमा १४ हजार रुपैयाँ ब्याज दिने विज्ञापन देखेर सीमा क्षेत्रका नागरिकको पैसा भारत पलायन हुने जोखिम छ। यसरी ब्याजदर घटाउँदा पलायन भएको पैसा भोलिको दिनमा नेपाली बैंकमा फिर्ता नआउने खतरा रहन्छ। त्यसकारण, हाम्रो बैंकिङ नीति अस्थिर छ। फेरि सरकारले पनि विश्वास योग्य वातावरण बनाउन नसक्दा उद्योगीहरू अहिलेको अवस्थामा लगानी गर्न डराइरहेका छन्। उद्योगी व्यवसायीहरू पनि जोखिम उठाएर लगानी गर्न तयार छैनन्।

***ब्याजदर सस्तो हुँदा पनि औद्योगिक क्षेत्रमा ऋणको माग छैन। यसमा के कारण देख्नुहुन्छ ?***

अरबौं लगानी गरेर नयाँ उद्योग खोल्ने अवस्थामा उद्योगी व्यवसायीहरू छैनन्। उद्योग खोल्न लगानी गर्दा पर्याप्त विद्युत प्राप्त गर्ने, लगानी सुरक्षित हुने, बजारको सुनिश्चित हुने, स्थानीय सरकारबाट सहयोग प्राप्त गर्ने कुरामा लगानीकर्ताको सरकारप्रति विश्वास छैन। सरकार र निजी क्षेत्रको बीचमा विश्वासको संकट छ।

अहिलेको अवस्थामा देशभित्र लगानी गर्ने वातावरण नै छैन। त्यहि कारण बैंकको ब्याजदर सस्तो हुँदा समेत ऋण प्रवाह हुन सकेको छैन। सरकार लगानी गर भन्छ, तर, कानून संशोधन गर्दैन। लगानीकर्ता पनि सरकारले लगानी गर भनेको कुरा सुन्छ, तर लगानी गर्दैन। अहिलेको वास्तविक अवस्था यही हो।

***देशको अर्थतन्त्रको अहिलेको अवस्थालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?***

सरकारको वार्षिक आम्दानी करिब १३ खर्ब भनेपनि त्यो आउँदैन। १३ खर्ब रुपैयाँको ८० प्रतिशत मात्रै राजस्व संकलन हुँदा ११ खर्ब रुपैयाँ हाराहारीमा हुन्छ। सरकारी कर्मचारीलाई तलब भत्ता दिन वार्षिक १२ खर्ब रुपैयाँ खर्च हुन्छ। यहाँनिर सरकारले गर्ने आम्दानी र खर्चको बीचमा १ खर्ब रुपैयाँको घाटा देखिन्छ। यसो हुँदा कर्मचारीलाई तलब खुवाउन समेत वार्षिक १ खर्ब रुपैयाँ बराबरको ऋण सरकारले लिनुपर्छ।

यस्तो अवस्थामा विकास कसरी हुन्छ ? सरकार विकासको काम देखाउन २ खर्ब ६३ अर्ब रुपैयाँ विदेशी सहायता लिने कुरा गर्छ। तर, विदेशी ऋण सहायता कबोल भएको रकमको ३० देखि ३५ प्रतिशत मात्रै आउँछ। जसोतसो विदेशी ऋण १ खर्ब रुपैयाँ हाराहारीमा आउला।

गत वर्ष ५२ अर्ब विदेशी अनुदान सहायता आउने भनिएको थियो, तर त्यसको ३५ प्रतिशत मात्रै आयो। यो पनि अघिल्लो वर्षको २५ प्रतिशतको तुलनामा धेरै नै हो। चालू आर्थिक वर्षमा पनि ५३ अर्ब विदेशी अनुदान प्राप्त गर्ने भनिएको छ। तर, यो सबै आउँदैन। यस्तो अवस्थामा विकास खर्च कसरी बढ्छ ? विकास खर्च गर्न पुँजी खोइ ? निर्माणमा गइसकेको आयोजनाले समयमा लगानी रकमको भुक्तानी पाउँदैन र समयमा पूरा हुन सक्दैन। जसले गर्दा पुँजी चलायमान हुन सक्दैन। पुँजी चलायमान नहुँदा अर्थतन्त्र पनि ठप्प हुन्छ। यस्तो अवस्थामा देशको अर्थतन्त्र राम्रो छ भनेर कसरी भन्न सकिन्छ र ? त्यसकारण, अहिले अर्थतन्त्र राम्रो छ, सुधारोन्मुख छ भनेर सरकारले ढाँटेको जस्तो लाग्छ। अहिलेको जस्तो अवस्था हुने हो भने अबको ५ वर्षमा सरकारले आर्जन गर्ने राजस्व सबै विदेशी ऋणको सावाँ ब्याज तिर्नमै ठिक्क हुन्छ।

***खस्किँदो अर्थतन्त्रलाई कसरी सुधार्न सकिन्छ त ?***

देशको खस्किँदो अर्थतन्त्र सुधार गर्न सबैभन्दा पहिले कर्मचारीहरूको तलब भत्तामा जाने चालू खर्च घटाउनुपर्छ। आर्थिकरूपले सम्पन्न परिवारका सदस्यलाई जेष्ठ नागरिक भत्ता दिइनुहुँदैन। आफ्नो गाउँठाउँ नछोडी बसेका वास्तविक हक लाग्ने गरिब विपन्न परिवारका सदस्यलाई मात्रै जेष्ठ नागरिक भत्ता दिनुपर्छ। यस्तै, आर्मीको ठूलो संख्या कटौती गरी घटाउनुपर्छ। प्रहरी र सशस्त्र प्रहरीको संख्या पनि धेरै छ। सरकारी कर्मचारी व्यवस्थापन भद्रगोल छ। यी सबै कुरा सुधार गर्न सुशासन चाहिन्छ। प्रदेश र संघको सरकार सञ्चालनको खर्च घटाउनु पर्छ। अहिले पनि सुशासन कायम हुने हो भने वार्षिक २ खर्ब रुपैयाँ बराबरको खर्च कटौती गर्न सकिन्छ। यो पुँजी विकास निर्माणमा खर्च गर्न सकिन्छ। आयोजना छनोट गर्दा पनि ५ वर्षमा प्रतिफल दिन सक्ने मात्रै छान्नु पर्छ र, निजी क्षेत्रलाई विश्वास गरेर लगानी गर्न दिनुपर्छ। अब विद्युत् प्रसारण लाइन निर्माणको सम्पूर्ण जिम्मा पनि निजी क्षेत्रलाई दिँदा हुन्छ।

***तपाइ नेपाल-भारत सिमानाको उद्यमी, खुला सीमा अभिशाप कि वरदान, के भन्नुहुन्छ ?***

नेपाली उद्योगी व्यवसायीका लागि भारतसँगको खुला सीमा अभिशाप नै बनेको छ। खुला सीमा भएकाले नेपालतर्फका ग्राहक नजिकैको भारतीय बजारमा गएर सस्तोमा पाउने सामान खरिद गर्छ। यो ग्राहकको अधिकारको कुरा पनि हो। तर, त्यहाँ हुने अवैध कारोबारले वैध कारोबारलाई सुकाउने काम गरेको छ। यसमा सरकार नै दोषी छ। सीमापारि प्रतिकिलो ६० रुपैयाँमा चिनी पाइन्छ भने ग्राहकले उता गएर ल्याउनु अपराध होइन। त्यसकारण, यसरी हुने अवैध कारोबार रोक्न उताबाट भित्रिने सामानमा २५ प्रतिशतसम्म भन्सार र भ्याट लगाइदिने हो भने ग्राहक भारतीय बजारसम्म पुग्दैनन्। सुरुमा १० वटा वस्तु छनौट गरी सुरुवात गरेर अवैधरूपमा भित्रने सबै वस्तुमा भ्याट तथा भन्सार शुल्क लगाउँदै जाने हो भने यो स्वतः नियन्त्रण हुन्छ।



> 'पर्याप्त विद्युत् उपलब्ध गराउने विषयमा सरकार हाम्रो कुरा सुन्न तयार नै छैन। सरकार कानमा तेल हालेर बसेको छ। सरकारको गतिविधिलाई हेर्दा लाग्छ कि उसलाई उद्योग विकासको चिन्ता नै छैन।'

> 'स्थानीय सरकारहरू उद्योगमैत्री छैनन्, त्यहाँ टोले गुण्डा लगाएर गैरकानूनी कर उठाइन्छ। जसले गर्दा देशमा बसेर उद्योग धन्दा सञ्चालन गर्नु अपराध गर्नु जस्तो भएको छ।'

# शेयरबजार २८ सयभन्दा तल



news 24
काठमाडौं, साउन २७

शेयरबजार घट्ने क्रमले मंगलबार पनि निरन्तरता पाएको छ। सोमबार २८२२.४६ विन्दुमा रहेको नेप्से मंगलबार २६.२२ अंकले घटेर २७९६.२४ विन्दुमा झरेको छ। यसदिन परिसूचकसँगै कारोबार रकममा पनि गिरावट आएको छ। कुल छ अर्ब ९१ करोड ८९ लाख ८३ हजार रुपैयाँ बराबरको एक करोड ७६ लाख ७१ हजार ६७५ कित्ता शेयर बिनबेच भएको छ।

नेप्से घट्न थालेपछि बजारमा चहलपहल पनि कम हुँदै गएको छ। कारोबार रकम घट्दै गएको छ भने शेयर किन्नेहरू कम देखिन्छन्। यसअघि नाफा कमाएकाहरूले भने शेयर बेच्न खोजेको देखिन्छ। नाफा सुरक्षित गर्न शेयर बेच्नेहरू सक्रिय हुँदा बजारमा दबाब परेको विश्लेषकहरू बताउँछन्।

अहिले बैंक तथा वित्तीय संस्थाले गत वर्षको वित्तीय विवरण सार्वजनिक गरिरहेका छन्। अहिलेसम्म वित्तीय विवरण सार्वजनिक गरेकाहरूमध्ये अधिकांशको नाफा बढेको देखिन्छ। तर केही बैंकको वितरणयोग्य मुनाफा न्यून छ। त्यसैले शेयर किन्नेहरू अहिले पर्ख र हेरको अवस्थामा देखिन्छन्। सबै कम्पनीहरूको वित्तीय विवरण आइसकेपछि उच्च नाफा वितरण गर्न सक्ने कम्पनी हेरेर शेयर किन्ने मुडमा रहेको कारण अहिले बजारमा बिक्री दबाब बढेको लगानीकर्ताहरू बताउँछन्।

मंगलबार कारोबार भएका २५० कम्पनीमध्ये २२५ वटाको शेयरमूल्यमा गिरावट आएको छ। यस्तै २४ वटा कम्पनीका शेयरधनीले कमाएका छन भने एउटाको शेयरमूल्य स्थिर रहेको छ।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक ४.०३ अंकले घटेर ४८१.३८ विन्दुमा झरेको छ। यस्तै साधारण शेयरको कारोबारमापन गर्ने फ्लोट सूचक १.८४ अंकले घटेर १९१.६९ विन्दुमा झरेको छ। सेन्सिटिभ फ्लोट सूचक पनि १.८३ अंकले घटेर १६४.५५ विन्दुमा कायम भएको छ।

सूचीकृत १३ समूहमध्ये होटल तथा पर्यटन समूह मात्रै बढेको छ। बाँकी सबै समूह घटेका छन्। होटल तथा पर्यटन समूह १.३२ प्रतिशत बढेको छ। खासगरी सिटी होटलको शेयरमूल्यमा उच्च वृद्धि भएपछि यो समूह बढेको हो।

सबैभन्दा धेरै फाइनान्स समूह १.५३ प्रतिशत घटेको छ। त्यसपछि लघुवित्त समूह १.४९ प्रतिशत, जलविद्युत १.२६, जीवन बीमा १.०६, उत्पादन तथा प्रशोधन एक प्रतिशत घटेको छ। बैंकिङ समूह ०.९४ प्रतिशत, व्यापार समूह ०.८६, निर्जीवन बीमा ०.८१, विकास बैंक ०.७६, लगानी ०.६६, अन्य ०.६२ र म्युचुअल फण्ड ०.२४ प्रतिशत घटेको छ।

सिटी होटलको शेयर कारोबार सकारात्मक सर्किट लेबलमा भएको छ। बजार बन्द हुँदा यो कम्पनीको शेयरमूल्य ९.९९ प्रतिशत बढेको छ। त्यसपछि समाज लघुवित्तको ४.३४ प्रतिशत, कालिका पावरको २.३७, ग्रीन भेन्चर्सको २.२५ र युनिलिभर नेपालको २.०६ प्रतिशत शेयरमूल्य बढेको छ। सिक्लेस हाइड्रोपावरका शेयरधनीले सर्वाधिक ९.९९ प्रतिशत गुमाएका छन्। यो कम्पनीको शेयर कारोबारमा नकारात्मक सर्किट लागेको छ। यसपछि उन्नति सहकार्य लघुवित्तको ८, लक्ष्मी लघुवित्त वित्तीय संस्थाको ६.१४ प्रतिशत, सप्तकोशी डेभलपमेन्ट बैंकको ४.२० प्रतिशत र बोटलर्स नेपाल (बालाजु)को ३.९६ प्रतिशतले शेयरमूल्य घटेको छ।

मंगलबार मात्रै लगानीकर्ताको सम्पत्ति ४२ अर्ब रुपैयाँ घटेको छ। बजार पुँजीकरण ४६ खर्ब ६९ अर्ब रुपैयाँ कायम भएको छ। साधारण शेयर तर्फको बजार पुँजीकरण पनि १५ अर्ब रुपैयाँ घटेर १५ खर्ब ८२ अर्ब रुपैयाँ कायम भएको छ।

**प्रमुख विवरण**

| | |
|---|---|
| नेप्से सूचक | २,७९६.२४ |
| कारोबार रकम (रु) | ६,९१८,९८३,५०७ |
| कारोबार भएको शेयर संख्या | १७,६७१,६७५ |
| कारोबार भएका कम्पनी | २५० |
| बजार पुँजीकरण | ४,६६९,४२८,३६८,२७१ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४६४.६४ | -०.९४ |
| विकास बैंक | ५,८२८.३८ | -०.७६ |
| फाइनान्स | २,५१४.२५ | -१.५३ |
| होटल तथा पर्यटन | ७,००.२९ | १.३२ |
| जलविद्युत् | ३,६२०.९६ | -१.२६ |
| लगानी | ११२.१४ | -०.६६ |
| जीवन बीमा | १३,१५३.४३ | -१.०६ |
| उत्पादन तथा प्रशोधन | ७,६०१.८३ | -१.०० |
| लघुवित्त | ५,२५४.५४ | -१.४९ |
| म्युच्युअल फण्ड | २०.५७ | -०.२४ |
| निर्जीवन बीमा | १२,४८७.९१ | -०.८१ |
| व्यापार | ४,१९८.४६ | -०.८६ |
| अन्य | २,६१२.९२ | -०.६२ |

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| सिटी होटल लि. | ६३६.२० | ५७.७८ | ९.९९ |
| समाज लघुवित्त वित्तीय संस्था लि. | २,७९२.६३ | ११६.१९ | ४.३४ |
| कालिका पावर कम्पनी लि. | ५९९.०२ | १३.८८ | २.३७ |
| ग्रीन भेन्चर्स लि. | ५५६.०७ | १२.२३ | २.२५ |
| युनिलिभर नेपाल लि. | ४७०००.०० | ९५०.०० | २.०६ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| सिक्लेस हाइड्रोपावर लि. | १,०३२.५१ | -११४.५५ | -९.९९ |
| उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि. | २,०६६.५४ | -१७९.७४ | -८.०० |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | १,०८४.८७ | -७०.९५ | -६.१४ |
| नाडेप लघुवित्त वित्तीय संस्था लि. | ८९३.९६ | -४७.३१ | -५.०३ |
| सप्तकोशी विकास बैंक | ८४०.२० | -३६.७९ | -४.२० |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| नेपाल रिइन्स्योरेन्स क. लि. | २६७,७५५,२९३ | १,५३५.०० |
| हिमायलन रिइन्स्योरेन्स लि. | २३९,६८७,२०७ | १,०००.०० |
| लुम्बिनी विकास बैंक लि. | २०२,६४२,०७० | ५६३.५० |
| शिवम् सिमेन्ट लि. | २००,६४३,८७३ | ६३३.९० |
| बुटवल पावर कम्पनी | १९६,०७९,८६९ | ८६०.०० |

# 'डिजिटल नेपाल फ्रेमवर्क-२' लागू गर्दै सरकार



काठमाडौं। सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले यो वर्ष 'डिजिटल नेपाल फ्रेमवर्क-२' लागू हुने बताएका छन्। राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा मंगलबार आयोजित बैठकमा मन्त्री गुरुङले डिजिटल नेपाल फ्रेमवर्क-२ (डिएनएफ-२) को मस्यौदा तयार भइसकेको र मन्त्रालयले चाँडै कार्यान्वयनको स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्ने जानकारी दिएका हुन्।

सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयले 'डिजिटल गभर्नेन्स' अवलम्बन गर्ने सम्बन्धमा सरकारका तर्फबाट भएका कामकारबाही बारेमा छलफल गर्न समितिको बैठक आयोजना गरेको हो। मन्त्री गुरुङका अनुसार सरकारले २०७६ मा पहिलो चरणको डिजिटल 'फ्रेमवर्क' (डिएनफ १.०)ले ८ मुख्य 'डोमेन' र ८० वटा 'इनिसिएटिभ्स'को फ्रेमवर्क तयार पारेको थियो। दोस्रो चरणको डिजिटल फ्रेमवर्क समयसापेक्ष रहेको फ्रेमवर्कमा आठ 'डोमेन' कृषि, स्वास्थ्य, शिक्षा, सहरी पूर्वाधार, ऊर्जा, पर्यटन, वित्त र डिजिटल 'फाउन्डेसन' समेटिएका छन्।

देशको आर्थिक रुपान्तरण र समृद्धिका लागि महत्वपूर्ण अवधारणाका रुपमा अघि सारिएको डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि रु एक खर्ब सात अर्ब ५० करोड बजेट लाग्ने अनुमान गरिएको छ। मन्त्री गुरुङले डिजिटल फ्रेमवर्कको लक्ष्य पूरा हालसम्म बाह्य सहायता प्राप्त नभएकाले सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयले आफ्नै प्रयासमा डिजिटल नेपाल फ्रेमवर्क-२ लागू गर्ने जानकारी दिएका हुन्।

डिजिटल नेपाल फ्रेमवर्क-२ का विषयगत क्षेत्रलाई लागू गर्न सम्बन्धित मन्त्रालयसँग साझेदारी गर्नुपर्ने बताउँदै मन्त्री गुरुङले मन्त्रालयगत समन्वयका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्य सचिवको संयोजकत्वमा समिति गठन हुने जानकारी दिए। डिजिटल नेपाल फ्रेमवर्क प्रभावकारी बनाउन मन्त्रालयले कृत्रिम बौद्धिकता (एआई) को नीतिगत मस्यौदा चाँडै मन्त्रिपरिषद्बाट स्वीकृत गरिने पनि उनले बताए।

हुलाक सेवा विभागलाई 'डिजिटाइजेसन', 'डेटा सेन्टर' निर्माणलगायत कार्यमा आफ्नो मन्त्रालय सक्रिय रहेको जानकारी दिँदै मन्त्री गुरुङले 'फोरजी नेटवर्क' घरघरमा पुर्याउनाका साथै यो वर्ष 'फाइभ जी नेटवर्क'लाई काठमाडौं र पोखराबाट थालिने बताए। सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले नीतिगत र कानुन निर्माणमा भएका प्रगतिबारे जानकारी दिइन। उनले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरी कार्यान्वयनमा रहेको, डेटा सेन्टर तथा 'क्लाउड' सेवा निर्देशिका (सञ्चालन तथा व्यवस्थापन), २०८१ जारी भई कार्यान्वयनमा आएको, सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयन गरिएको बताइन। - *रासस*

# फूल आयात घट्यो

काठमाडौं। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा फूल आयातमा कमी आएको छ। आर्थिक वर्ष २०८०/८१ मा २७ करोड ६९ लाख रुपैयाँ बराबरको आयात गरिएको फूल गत आर्थिक वर्ष २०८१/८२ मा १२ करोड ६० लाख रुपैयाँको मात्र आयात गरिएको फ्लोरिकल्चर एसोसिएसनले जानकारी दिएको छ।

पुष्प व्यवसायीहरूको छाता संस्था नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा १५ करोड रुपैयाँले आयातमा कमी आएको छ। अध्यक्ष श्रेष्ठका अनुसार आयातमा कमी आउनुको मुख्य कारण भन्सारमा कडाइ, स्वदेशी उत्पादनलाई प्राथमिकता दिनु र उत्पादन बढ्नु नै हो।

यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा निर्यात भने बढेको छ। अघिल्लो आर्थिक वर्षमा एक करोड दुई लाख रुपैयाँ बराबरको फूल विभिन्न देशमा निर्यात भएको थियो भने गत आर्थिक वर्षमा दुई करोड १३ लाख रुपैयाँको फूल निर्यात भएको अध्यक्ष श्रेष्ठले जानकारी दिए।

जापान, अस्ट्रेलिया, माल्टा, हङकङलगायतका देशमा फूल निर्यात हुने गरेको छ। हरेक वर्ष तिहारमा प्रयोग हुने मखमली फूल र प्रणय दिवसका लागि रातो गुलाफ आयात गर्ने गरिएको छ। - *रासस*

## कालीगण्डकी दोहन

# मध्यरातमा बालुवा झिकिन्छ, प्रशासन मौन



बागलुङ। बर्खायाममा नदीजन्य पदार्थ ठेक्कामा निकाल्न नपाइने प्रावधानलाई लत्याउँदै असारदेखि बागलुङ र पर्वत भएर बग्ने कालीगण्डकी नदी भइरहेको पाइएको छ। कालीगण्डकी नदीको बागलुङ र पर्वततर्फको दर्जनभन्दा बढी स्थानमा अवैध रूपमा क्रसर व्यवसायीले राती-राती बालुवा निकाल्ने गरेका छन्।

गत शनिबार पनि राति ९ बजे सहस्रधारा क्षेत्रको भाटेखोला बगरमा कालीगण्डकीको दोहोन भइरहको थियो। एउटा स्काभेटरले कालीगण्डकीबाट बालुवा निकालिरहेको थियो भने पाँचवटा टिप्परले खोलाबाट झिकिएको बालुवा ओसार्दै थिए। रातारात खोलाबाट निकालेको बालुवा नदी छेउका ठाउँठाउँमा भण्डारण गरिएको देख्न सकिन्छ।

बर्खाको समयमा उर्लेको कालीगण्डकीले ल्याउने बालुवा अबैद्ध रूपमा संकलन गरी हिउँदभरी उपभोक्तालाई चर्को मूल्यमा बिक्री हुने गरेको स्थानीय बताउँछन्। बागलुङ नगरपालिका-१० स्थित दब्ल्याङ र भाटेखोला-१३ कालाखोला बगरलगायतका स्थानमा नदीजन्य पदार्थ दोहन भइरहेको कालीगण्डकी बचाउ अभियानका संयोजक आरके अदिप्त गिरी बताउँछन्। अवैध दोहन रोक्न स्थानीय सरकारले कडा कदम चाल्नुपर्ने उनको माग छ।

म्याग्दी, पर्वत र बागलुङ भएर बग्ने कालीगण्डकी दोहोनले शालग्राम शिलासमेत संकटमा परेको उनी बताउँछन्। नदी बग्ने पर्वत खण्डमा नदीजन्य पदार्थको अधिक दोहोन भइरहेको छ भने बागलुङतर्फको सहस्रधारा पारीको भाटेखोला, खनियाघाट र दब्ल्याङ क्षेत्रमा पनि दोहन भइरहेको उनले जनाए। असारदेखि भदौ १५ गतेसम्म नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने कानूनी व्यवस्था छ। मध्यबर्खाको यो समय नदीजन्य पदार्थ सञ्चित गर्ने बेला हो। अहिले कालीगण्डकी नदीको दोहन भइरहँदा स्थानीय तह, प्रशासन र जिल्ला समन्वय समिति एकअर्कालाई दोषारोपण गरेर पन्छने गरेको गिरीले बताउँछन्।

नदी दोहन रोक्न पटक-पटक नागरिकस्तरबाट भइरहेका प्रयासलाई सम्बन्धित निकायले बेवास्ता गरेको उनको भनाइ छ। प्रहरी प्रशासन र स्थानीय तहको मौनताका कारण दोहनले प्रश्रय पाइरहेको उनी बताउँछन्। "प्रहरी प्रशासनको मिलेमतोबिना दोहन सम्भव छैन। मालदुङ्गामा प्रहरी छ। नजिकै दोहान भइरहेको छ", गिरीले भने। गण्डकी सभ्यता जोगाउन कालीगण्डकीलाई दोहनमुक्त बनाएर संरक्षणको सूचीमा राख्नुपर्ने उनले बताए। दोहनले प्रश्रय पाउँदा कालाखोला बगर कटान भइसकेको छ भने स्थानीय तहको राजस्व गुमिरहेको छ।

नदीजन्य पदार्थको उत्खनन रोक्न प्रहरी परिचालन भए पनि दोहन रोक्न नसकेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी उपरीक्षक तिलक भारतीले स्वीकारे। स्थानीय तहले ठेक्का लगाउन नसक्ने, राजस्व गुम्ने डरलगायत कारणले दोहन नरोकिएको बताउँदै उनले नयाँ रणनीति बनाएर नदी दोहन भइरहेको स्थानमा सादा पोशाकमा प्रहरी परिचालन गर्ने योजना बनाएको सुनाए।

कालीगण्डकीको बीच भागबाट नदी दोहन भइरहँदासमेत बागलुङ र पर्वत जिल्लाका सरोकारवाला निकायले कुनै चासो नदिएको गिरीको आरोप छ। ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ अनुसार नदी तथा खोला किनारबाट ५०० मिटर टाढा मात्रै ढुङ्गा, गिटी, बालुवा उत्खनन गर्न पाइने व्यवस्था भए पनि नदीको बीच भागबाटै दोहन भइरहेको उनी बताउँछन्।

# 'कानूनी अस्पस्टताले भ्रष्टाचार नियन्त्रणमा चुनौती'

काठमाडौं। राष्ट्रिय सतर्कता केन्द्रले मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा अनुकूल वातावरण तयार भए पनि कानूनी अस्पष्टता, पर्याप्त स्रोतसाधन एवम् प्राविधिक जनशक्तिको कमीलगायत चुनौती रहेको जनाएको छ।

केन्द्रको २४औँ स्थापना दिवसका अवसरमा सिंहदरबारमा मंगलबार आयोजित कार्यक्रममा सार्वजनिक गरिएको २३औँ वार्षिक प्रतिवेदनमा विभिन्न चुनौतीलाई चिर्दै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने दिशामा समन्वय तथा सक्रियताका साथ अगाडि बढेको उल्लेख छ। भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न र भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेगरी २०५९ साल साउन २७ गते केन्द्र स्थापना भएको हो। केन्द्रले 'सदाचार र सुशासनका लागि सतर्कता' भन्ने मूल ध्येयका साथ काम गर्दै आएको छ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी रहेको केन्द्रले मुख्यरूपमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्य गर्दै आएको प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए। उनले भने, 'अहिले गरिरहेका काम कारबाहीलाई प्रविधिमैत्री बनाउने, भ्रष्टाचार, अनियमिता, ढिलासुस्ती नियन्त्रण गर्ने, सुशासन कायम गर्ने, सरकारी र सार्वजनिक सेवा प्रवाहमा सहजता र सरलता ल्याउने ताकि जनताले ती सेवा प्राप्तिमा कुनै झन्झट, असजिलोपना व्यहोर्नु नपरोस् भन्ने प्रतिबद्धता छ।' - *रासस*

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली, नेपाल

**कैलाली जिल्लास्थित गोदावरी नगरपालिकाले, गोदावरी नगरपालिकाको खुटिया नदीको बगर क्षेत्रबाट ढुंगा,बालुवा, ग्राभेल उत्खनन् तथा संकलन कार्यका लागि पेश गरिएको वातावरणीय प्रभाव मूल्याकंन (EIA) प्रतिवेदन माथि राय सुझाव संकलन सम्बन्धी सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२८

यस मन्त्रालयमा स्वीकृतका लागि पेश भएको तपशिलको प्रस्तावक र प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा (०६) बमोजिम सो प्रतिवेदन उपर राय सुझाव संकलन गर्ने प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम | कैलाली जिल्ला स्थित गोदावरी नगरपालिकाले, गोदावरी नगरपालिकाको खुटिया नदीको बगर क्षेत्रबाट ढुंगा, बालुवा, ग्राभेल उत्खनन् तथा संकलन कार्य गर्ने |
| प्रस्तावकको नाम र ठेगाना | गोदावरी नगरपालिका, नगर कार्यापालिकाको कार्यालय, अत्तरिया, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल |
| प्रभाव पर्ने प्रदेश तथा जिल्ला | सुदूरपश्चिम प्रदेश, कैलाली जिल्ला, गोदावरी नगरपालिका । |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन यस मन्त्रालयको वेवसाइटमा गई डाउनलोड गर्न सकिने छ। यो सूचना प्रकाशन भएको मितिले ५(पाँच) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय-सुझाव उपलब्ध गराइ दिनहुन अनुरोध गरिन्छ।

**राय सुझाव पत्राचार गर्ने ठेगानाः**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी
मन्त्रालयको वेबसाइटः https://moitfe.sudurpashchim.gov.np/
मन्त्रालयको ईमेलः moitfesudurpaschim@gmail.com

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

**तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति : २०८२/०४/२८ गते

यस फाइनान्सको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (साँवा, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ। सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ। तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीहरुको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

**प्रधान कार्यालय लाजिम्पाट/लाठमठेनी, काठमाण्डौ**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| नाम : सुदन पराजुली<br>बाबु : विदुर बहादुर पराजुली<br>बाजे : होम बहादुर पराजुली<br>ना.प्र.प.नं. : १०२९<br>जारी मिति : २०५३/०४/१६, जि.प्र.का., काठमाण्डौ।<br>ठेगाना : का.म.न.पा वडा नं. ३५, काठमाण्डौ। | नाम : सरिता पौड्याल<br>बाबु : अच्युत राज पौड्याल<br>पति : सुदन पराजुली<br>ससुरा : विदुर बहादुर पराजुली<br>ना.प्र.प.नं. : ३०३०४५/१४८<br>जारी मिति : २०६३/१०/२७, जि.प्र.का., काभ्रेपलान्चोक।<br>स्थायी ठेगाना : पुरानागाउँ वडा नं. ८, काभ्रेपलान्चोक।<br>हाल : का.म.न.पा वडा नं. ३५, काठमाण्डौ। |

**धितो सुरक्षणको विवरण :**
मालपोत कार्यालय, डिल्लीबजार काठमाण्डौमा सुदन पराजुलीको नाममा दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १० स्थित कि.नं. २३३ को क्षेत्रफल १२७.१८ व.मि. को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

**शाखा कार्यालय खुरखुरे, चितवन**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| नाम : श्रीमान दोङ<br>बाबु : वीर बहादुर दोङ<br>बाजे : बुद्धीमान दोङ<br>ना.प्र.नं. : १/११०९<br>जारी मिति : २०५७/१०/२०, मकवानपुर।<br>ठेगाना : फापरवारी वडा नं. ०५, मकवानपुर।<br>हाल : खैरहनी वडा.नं. ०३, चितवन। | नाम : मन्जु माया मुक्तान<br>बाबु : पदम बहादुर मुक्तान<br>पति : श्रीमान दोङ<br>ससुरा : वीर बहादुर दोङ<br>ना.प्र.न : १६४९/०४४<br>जारी मिति : २०५९/११/१३, चितवन।<br>ठेगाना : चैनपुर वडा नं. ०६, चितवन।<br>हाल : खैरहनी वडा नं. ०३, चितवन। |

**धितो सुरक्षणको विवरण :**
क) मालपोत कार्यालय खैरहनी चितवनमा मन्जु माया मुक्तानको नाममा दर्ता कायम रहेको चितवन जिल्ला चैनपुर वडा नं.०५क स्थित कित्ता नं. ११९२ को क्षेत्रफल ३३८.६४ व.मि. को जग्गा तथा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।
ख) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी श्रीमान दोङ कायम रहेको नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय वीरगंजमा दर्ता कायम रहेको प्र-२-०३-००१ त ४४१९, इन्जिन नं. २७४६३0DT, च्यासिस नं. NH२४८८४९३ भएको १ थान निजी ट्याक्टर।

१८७५ चिरबल सडक, लाजिम्पाट/लाठमठेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np

# बर्खायाममा व्यस्त वर्षा



फिल्म उद्योगमा वर्षाले कदम चालेको ११ वर्ष पूरा भएको छ। यस क्रममा उनले १६ वटा फिल्ममा अभिनय गरेकी छन्। तीमध्ये आधा दर्जन फिल्मलाई हिट मान्ने हो भने उनको करियर ग्राफमा उतारचढाव देखिन्छ।

अहिले उनको 'माग्ने राजा' फिल्म प्रदर्शोन्मुख छ। यही कारणले उनको दौडधूप पनि निकै देखिन्छ। अहिले उनी एकपछि अर्को टीभी र पडकास्टमा देखा परिरहेकी हुन्छिन्।

एउटा पडकास्टमा उनी भन्छिन्, 'फिल्ममा काम गर्न मलाई पैसाले भन्दा कामले नै लोभ्याउँछ। राम्रो काम गऱ्यो भने त पैसा स्वभाविक रुपमा आइहाल्छ।'

अहिले रिलिज हुन लागेको फिल्म 'माग्ने राजा'का कारण आफूलाई डर र उत्साह एकसाथ भइरहेको उनी बताउँछिन्। 'त्यसो त मलाई पहिलो फिल्म रिलिज हुँदा पनि यस्तै हुन्थ्यो। अहिले १६ औं पुगिसक्दा पनि डर र उत्साह कम भएको छैन,' उनी भन्छिन्।

उनलाई दुःख लाग्ने चाहिँ, आधा दर्जन फिल्म हिट भए, ती फिल्ममा उनको कामको राम्रो चर्चा भयो तर कहिल्यै पनि तिनका बारेमा कसैले चर्चा गरिदिँदैन। जहिले पनि यत्रा फ्लप फिल्म खेल्नु भयो भनेर घाउ कोट्याइदिने भनेर उनले गुनासो गरिन्। उनले त घुमाउरो पाराले ती शुभचिन्तक नभएकोसमेत टिप्पणी गरिन्।

उनी भन्छिन्, 'सबैको करियरमा सबै फिल्म सफल हुँदैनन्। सबैको करियर सधैं राम्रो हुन्छ भन्ने पनि छैन। त्यसैले अचेल चाहिँ मलाई यस्ता कुराले दुःख दिँदैनन्।'

अहिले आफूलाई फिल्मको कथाले आकृष्ट गर्ने भएकाले फिल्म नचल्दा पनि राम्रो फिल्ममा काम गर्न पाएकामा सन्तुष्ट हुने गरेको उनको भनाइ छ। अहिले पनि आफूले 'माग्ने राजा'जस्तो राम्रो विषयमा काम गर्न पाएकोमा खुशी व्यक्त गर्दै अहिले सफलताको कामना गरिरहेको बताउँछिन्।

उनले आफ्नो करियर पिङजस्तो कहिले माथि जाने र कहिले तल झर्ने भइरहेको बताइन्। यस्तोमा फिल्म नचलिदिँदा सबैले 'अभागी'को ठप्पा लगाउँदा दुःख लाग्दैन भन्ने प्रश्नमा उनले भनिन्, 'मलाई हरेक फिल्मले केही न केही सिकाएको छ। म फिल्म पढेर वा अभिनय सिकेर फिल्म उद्योगमा आएको होइन। काम गर्दै सिक्दै आएको हो। त्यसैले हरेक फिल्मबाट म सिकिरहेको छु।'

सधैं फिल्म उद्योगमा काम गर्ने रहर भए पनि नायिकाका रुपमा रहिरहन सम्भव नभएकाले फिल्म उद्योगकै अन्य काममा आफू लाग्ने उनले बताएकी छन्। 'निर्देशनको रहर छ तर यो काम रहरले मात्र गर्न सकिँदैन। मैले गर्न सक्ने चिज अरु पनि धेरै छन्। तर त्योभन्दा पहिले अभिनयमै पनि धेरै काम गर्न बाँकी नै छ।'

उनले कलाकारितामै चित्त बुझिनसकेकाले, आफूले चाहेजस्ता चरित्रमा काम गर्न नपाएकाले र क्षमता देखाइनसकेकाले पहिला तिनमा आफ्नो क्षमता परख गर्ने उनको ध्येय रहेको बताउँछिन्।

'जबसम्म एउटा क्षेत्रमा सन्तुष्ट भइनसकी अरु क्षेत्रमा हात हाल्नु उचित हुँदैन,' उनले निर्देशनतर्फ इंगित गर्दै बताइन्। भविष्यमा त्यसतर्फ लाग्ने कुरा त सम्भावना निकै रहेको समेत जनाइन्।

उनलाई कहिलेकाहीँ राम्रो विषय खेर गएकोमा चुकचुक लाग्छ। उनले अभिनय गरेको एउटा फिल्म सामाजिक सञ्जालमाथि बनेको थियो। त्यो फिल्म रिलिज त भयो तर व्यापक रुपमा चर्चा नभई फिल्म हलबाट उत्रियो। त्यसको मार्केटिङ राम्रो गर्न सकेको भए हुन्थ्यो भन्ने लाग्छ। त्यो विषय स्कूल-कलेजमा पढाइनुपर्ने विषय हो भन्ने उनलाई लाग्छ।

उनी 'नाइँ नभन्नू ल २' बाट फिल्म उद्योगमा छिरिन्, भन्छिन्, 'मेरो करियर एउटा राम्रो फिल्मबाट शुरु भयो। ट्राई गरुँ न त भनेर म यस क्षेत्रमा आएँ। मेरो कुनै परिवार फिल्म क्षेत्रसँग सम्बन्धित थिएन। यहाँ आइसकेपछि मात्र मलाई धेरै कुरा सिक्न बाँकी रहेछ भन्ने थाहा भयो।'

उनले कुनै नयाँ कलाकार फिल्म उद्योगमा छिर्नु र यो संसारमा बच्चा जन्मनु उस्तै उस्तै रहेको बताइन्। 'बच्चा जन्मिएपछि हुर्किन समय लाग्छ,' उनले भनिन्, 'पाँच वर्षसम्म त मलाई मेरो पनि अस्तित्व छ है भन्न प्रमाणित गर्न संघर्ष गर्नुपऱ्यो। अहिले बल्ल म काम सिक्दैछु। मैले धेरै गर्न र सिक्न बाँकी छ।'

फिल्म उद्योगमा एक दशक पूरा भइसकेपछि बल्ल आफू भविष्यमा पनि यही क्षेत्रमा हुन्छु भनेर निश्चिन्त हुन सकेको बताउँछिन्। 'बल्ल म राम्रो कलाकार हुने प्रयासमा छु। के गर्दा अरुभन्दा फरक हुनसक्छ, राम्रो कलाकार कसरी बन्न सकिन्छ र आफूलाई स्थापित गर्न सकिन्छ भनेर बल्ल बुझ्न थालेकी छु।'

फिल्म उद्योगले बिस्तारै कन्टेन्ट ठूलो कुरा हो भन्ने विश्वास गर्न थालेकाले यतिबेला वास्तविक कलाकारले काम गर्ने सम्भावना अझ वृहद् हुन थालेको उनको बुझाइ छ। त्यसैले भविष्यमा महिला विषय केन्द्रित फिल्म बढी बन्ने र त्यसमा काम गर्ने कलाकारहरूले आफूलाई प्रमाणित गर्न सक्ने ठाउँ अझ वृहद् हुने उनले देखिरहेकी छन्।

'अहिले हामी रोचक समयमा छौं,' उनले भनिन्, 'अहिले त हामी कन्टेन्ट बिक्ने समयमा छौं। तर अहिले हामी त्यसमा फोकस हुन सकिरहेका छैनौं। हामीले कतै यो समय खेर त फाल्ने होइनौं भन्ने डर छ।'



# अभौतिक सम्पदा कानून बन्दै

अमूर्त सम्पदा देशको सम्पत्ति हुन्। तिनलाई संरक्षण गर्नु देशको दायित्व हो। अहिलेसम्म यस्ता सम्पत्ति रक्षा गर्न के गर्ने भन्ने कुनै कानून नबनेका कारण उल्लंघनका घटनामा के कार्बाही गर्ने भन्नेबारे अन्योल थियो। संसद्ले यससम्बन्धी कानून बनाउनेबारे छलफल गर्न विधेयक दर्ता गरेको छ।

संस्कृति, नागरिक तथा उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले गत वैशाख ३१ गते दर्ता गरेको भए पनि यसलाई छलफलका लागि राष्ट्रिय सभामा पेश गरिएको छ।

अब यसलाई राष्ट्रिय सभाले पास गरेपछि नेपालको इतिहास, कला संस्कृति एवं मौलिक विशेष्ता समेटिएको वृहद् संग्रहालय स्थापना गर्न बाटो खुल्ने छ। यसले नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गर्न सजिलो पनि हुनेछ।

यसअघि २०१३ सालमा बनेको प्राचीन स्मारक ऐनले अमूर्त सम्पदा संरक्षणको विषयलाई सम्बोधन गर्न नसकेका कारण नयाँ कानून आवश्यक परेका कारण यसलाई दर्ता गरिएको हो। यो कानून बनेपछि नेपालभित्रका विविध समुदायले आफ्नो अभौतिक सांस्कृतिक सम्पदा पहिचान गरी सोको सूची तयार गरी अभिलेख तयार गर्न सहज हुने बताइएको छ। कानून बनेपछि मन्त्रालयले राष्ट्रिय स्तरमा महत्व राख्ने अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूची तयार गरी अभिलेखीकरण गर्नेछ। मन्त्रालयले राष्ट्रिय सूची अद्यावधिक गरी हरेक वर्ष सार्वजनिक गर्नेछ। कहिलेकाहीँ यस्तो सूचीमा नयाँ सम्पदा थप्ने र कहिलेकाहीँ हटाउन पनि सहज हुनेछ। यसका लागि मापदण्ड बनाउन यो कानूनले सहज बनाउने जनाइएको छ।

हुन त यो विधेयक प्रमाणित भइसकेपछि पलो काम संस्कृति महाशाखा बन्ने र त्यहाँ संस्कृति महाशाखा, भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, ललिकला प्रतिष्ठान, संगीत तथा नाट्य प्रतिष्ठान, राष्ट्रिय अभिलेखालयजस्ता संस्थाको समिति बन्ने र त्यसले सिफारिश गरेका सम्पदाको अध्ययन अनुसन्धान, निरीक्षण गर्नेछ। स्थानीय तहले पनि आफ्ना गाउँठाउँका सम्पदाहरूको सूचीकरणसँगै संरक्षण गर्ने बाटो खुल्नेछ।

# फिल्मी पृष्ठभूमिकी लेखिका

धर्मेन्द्रकी नातिनी, सनी-बबी देओलकी भान्जी प्रेरणा गिलले सिनेमा क्षेत्रमा आफ्नो भाग्य चम्काउन छाडेर बेग्लै क्षेत्र रोजिन्। उनले लेखन क्षेत्रलाई रोजिन्। अहिले उनका चार कृति प्रकाशित छन्। उनले सन् २०१५ देखि लेखनलाई छनोट गरेकी थिइन्। उनको पछिल्लो कविताकृति 'मीनह्वाइल' २०२५ को जनवरीमा प्रकाशित भएको थियो।

उनकी आमा विजेता गिल धर्मेन्द्रकी कति प्यारी थिइन् भने आफ्नो फिल्म प्रोडक्शन कम्पनीको नाम नै विजेता फिल्म्स राखेका थिए। दिल्लीका वकिल पुल्कित देभडासँग २०१७ मा बिहे गरेकी प्रेरणा इन्स्टाग्राममा निकै चर्चित छिन्। उनका साढे १२ हजार फलोअर छन्। त्यहाँ उनले आफ्नो किताबप्रेम, पति पुल्कितसँगका रोमान्टिक क्षण र अन्य विषयका तस्वीरहरू राखिरहेकी हुन्छिन्।






# अस्कर अवार्ड पाइखानामा हेर्नू

प्रख्यात अवार्ड जित्ने हरकोहीको सपना हुन्छ। त्यो सपना पूरा भएपछि विजेताले त्यो अवार्ड कहाँ राख्छ ? पक्कै पनि सबैले देख्ने ठाउँमा।

तर अस्कर अवार्ड जितेकी अभिनेत्री केट विन्सलेटले भने आफ्नो पाइखानामा राखेकी छन्। उनले सन् २००९ मा 'द रिडर' चलचित्रबाट सर्वश्रेष्ठ अभिनेत्रीको पुरस्कार जितेकी थिइन्।

उनले दोस्रो विश्वयुद्धपछि मुद्दा खेपिरहेकी अशविज् गार्डको भूमिकामा अभिनय गरेकी थिइन्। उनले सन् २०१० मा नै एउटा टेलिभिजन च्यानलसँग कुरा गर्दै आफूले अस्कर अवार्डलाई पाइखानामा राखेको बताएकी थिइन्।

उनले टेलिभिजनसँग कुराकानी गर्दै भनेकी थिइन्, 'सबैले यसलाई छुन चाहन्छन्, समातेर उठाउन चाहन्छन् तर लाजगाल उनीहरू त्यसो गर्न चाहँदैनन्। त्यसैले मैले यो अवार्डलाई यस्तो निजी ठाउँमा र सबैले देख्ने गरी राखिदिएँ ताकि मान्छेहरू यसलाई देखेर उठाऊन्, लाज त्यागेर त्यसलाई चुमून्। त्यसलाई उठाऊन् र भनून्- अहो, यो त कति भारी रहेछ!'

पाहुनाहरूले यो अवार्ड उचाल्छन् भन्ने तिमीलाई कसरी थाहा भयो ? भन्ने प्रश्नमा उनले भनेकी छन्, 'जब उनीहरू पाइखानालाई फ्लश गर्छन्, त्यसको केही समय म उनीहरू आउलान् भनेर कुरी बस्छु। उनीहरू पाइखानाबाट निस्कनुको साटो अवार्ड उचाल्न थाल्छन्। त्यससँग खेल्न थाल्छन्। हुँदाहुँदा कतिपय साथी त अवार्ड हात परेपछि नक्कली भाषण गरेर आफूले यो अवार्ड प्राप्त गरेकामा अस्कर समितिलाई धन्यवाद दिनसमेत भ्याउँछन्। जब त्यसो गरेर ढिला हुन्छन्, उनीहरूको अनुहार रातोपीरो भएको हुन्छ। अनि, मलाई थाहा हुन्छ, पाइखानामा उनीहरूले शौच मात्र गरेनन्...।'

उनले भनेकी छन्, 'जसले त्यसो गर्दैन, म उनीहरूलाई अवार्ड उठाएर जितेको अभिनय गर्न हौस्याउँछु।'

अवार्ड यसरी पाइखानामा राख्ने सोचको श्रेय उनले अभिनेत्री एम्मा थम्सनलाई दिएकी छन्। एक दिन उनी एम्माको घर गएकी थिइन्। अवार्ड पाइखानामा राखेको देखिन्। त्यो देखेपछि केटलाई कुतकुती लागेर अवार्ड उठाइन् र अवार्ड जित्न सघाएकामा फिल्मका निर्देशक, निर्माता र अन्य समूहलाई धन्यवाद भनी लामो समय भाषण दिइन्।

त्यसो गरेको केही वर्षपछि भने उनले साँच्चिकै अवार्ड जितिन्। एम्मा मात्र होइन, हन्टर किडले पनि आफूले जितेका दुई एम्मी पुरस्कारमध्ये एउटा बाथरुममै राखेकी छन्। त्यो देखेपछि भने उनी पक्का भइन् र मनमनै आफूले जिते अवार्डलाई पाइखानामा नै निर्णय गरिन्। केटले ८ वर्षको हुँदा बाथरुमको ऐनामा हेर्दै सेम्पूको बोतल हातमा लिएर अवार्ड पाएकामा धन्यवाद दिएकी थिइन्। नभन्दै पछि उनको सपनाको अवार्ड अस्कर पाइन्।

# 'द हबिट'को नयाँ कीर्तिमान





प्रख्यात फेन्टासी उपन्यास 'द हबिट' पहिलो पटक सन् १९३७ मा प्रकाशित हुँदा जम्माजम्मी १५ सय प्रति निस्किएको थियो। ती पुस्तकहरू यतिबेला दुर्लभ मानिन थालेको छ। यस्तोमा पहिलो संस्करण महँगो दाममा पुस्तक संकलकहरूले किन्न थालेका छन्।

हालै भएको एउटा बढाबढमा यो उपन्यास ४३ हजार पाउण्ड स्टर्लिङमा बिक्री भएको बीबीसीले जनाएको छ। यो अत्यन्तै दुर्लभ संस्करण भएको पनि सो अवसरमा जानकारी दिइयो।

जे.आर.आर. टोकिनको यो उपन्यास ब्रिस्टल शहरस्थित एउटा घर सफाइका क्रममा किताब फेला परेको थियो। किताबलाई सुरक्षित साथ एउटा दराजमा राखिएको र त्यसको गुणस्तर पहिलो पटक प्रेसबाट ल्याएजत्तिकै रहेको बताइएको छ।

यति महँगो दाममा कसले किताब किन्यो भन्ने खुलाइएको भने छैन। खबरअनुसार, यी संकलक यस्ता दुर्लभ पुस्तकहरू संकलन गर्ने चाख राख्छन् र अन्य धेरै पुस्तकहरू पनि उनको संकलनमा रहेको छ।




लिलामी घरकी पुस्तक विज्ञ क्याटलिन राइलीका अनुसार कुनै किताब यति धेरै मूल्यमा बिक्री भएको पहिलो पटक हो। उनी भन्छिन्, 'किताबप्रति मरिहत्ते गर्नेहरूका लागि यो एउटा आदर्शको कथा हो।'

बढाबढमा यो पुस्तक बढीमा १० हजार पाउन्डदेखि १२ हजार पाउण्डमा बिक्रीसम्म हुने अपेक्षा गरिएको थियो। तर यसप्रति संसारभरका संकलकको चासो हुनाले यसको मूल्य बढ्दै गएको राइलीले बताइन्।

यो पुस्तक सन् १९३० को दशकका प्रख्यात वनस्पतिविज्ञ ह्यूबर्ट प्रिस्टलीको पारिवारिक पुस्तकालयमा फेला परेको थियो। प्रिस्टली अन्टार्कटिका अन्वेषक तथा भूवैज्ञानिक सर रेमण्ड एडवर्ड प्रिस्टलीका दाजु थिए। प्रिस्टलीको अक्सफोर्ड विश्वविद्यालयसँग बलियो सम्बन्ध थियो। त्यो बेला टोकिन त्यहीं स्याक्सनकालीन अंग्रेजी भाषाका फेलो थिए।

'द हबिट'को यो संस्करण कसैसँग हुनुको अर्थ, कुनै नजिकका साथीलाई मात्र दिइने संस्करण भएकाले उनीहरूले एकअर्कालाई चिन्थे भन्ने आकलन राइलीको छ। टोकिनलाई नचिन्ने भए यो पुस्तक उनको हात नपर्न सक्थ्यो भन्ने राइलीको भनाइ छ।

यो पुस्तक हात परेपछि कसैले पनि नपढेको छाँट देखिन्छ। राइली भन्छिन्, 'प्रायः यो उपन्यास बालबालिकाहरूले चाख लिएर पढ्ने भएकाले उनीहरूले केरमेट गर्ने र चित्र बनाइदिने गरेको देखिन्छ। तर यो पुस्तक भने कहिल्यै पढिएको वा प्रयोग नभएको देखिएकाले यो साँच्चिकै दुर्लभ किताब बन्न पुग्यो।'

बाक्लो गाताको यो महँगो संस्करण निस्किएपछि सस्तो दरको पुस्तक निस्कँदा निकै हिट हुन पुगेको थियो। अहिले संसारभर 'द हबिट' १० करोडभन्दा बढी प्रति बिक्री भइसकेको मानिन्छ। यो उपन्यास मिडिल अर्थ नामक एउटा काल्पनिक संसारको कथा हो। यसको मुख्य पात्र बिल्बो बेगिन्स धन खोज्दै यात्रामा निस्कन्छ। यो संस्करणको रमाइलो पक्ष के छ भने यसमा टोकिन आफैंले बनाएका दुर्लभ चित्रहरूसमेत समावेश गरिएको छ।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला